२०६६, पुस - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १८, अङ्क १८ | २०६६, पुस १६–३० | पूर्णाङ्क ४२०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (विक्री)

फ्याक्स: ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु. श्री कृष्णवहादुर गुरुङ
डि. श्री सरस्वती खड्का
कम्प्युटर अपरेटर श्री बिदुषी रायमाझी
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ


**२०६६ पुस १६ देखि ३० सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | २ |
| संयुक्त इजलास | ५ |
| इजलास नं. २ | १९ |
| इजलास नं. ३ | २३ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | १५ |
| इजलास नं. ६ | १२ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | ९ |
| एकल इजलास | २ |
| **जम्मा** | **१०२** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ । अबउप्रान्त सर्वोच्च अदालतको वेभसाइट www. supremecourt.gov.np बाट अध्ययन गर्न सकिनेछ ।**

## २०६६ साल पुस १६ देखि ३० गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण

| क्र.सं | बिषयगत मुद्दा | लगत | | | फछ्र्यौट संख्या | बांकी |
|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | देवानी पुनरावेदन | ३६५१ | ५१८ | ४१६९ | ९२८ | ३२४१ |
| 2= | फौजदारी पुनरावेदन | २३६९ | ३८८ | २७५७ | ४९३ | २२६४ |
| 3= | देवानी पूर्ण इजलास | ६७ | ६ | ७३ | ३२ | ४१ |
| 4= | फौजदारी पूर्ण इजलास | ३६ | ४ | ४० | १० | ३० |
| 5= | वन्दीप्रत्यक्षीकरण | ३ | ३६ | ३९ | ३६ | ३ |
| 6= | साधारण रिट | २६०० | ६०३ | ३२०३ | ६५४ | २५४९ |
| 7= | पूर्ण इजलास रिट | ११ | ३ | १४ | २ | १२ |
| 8= | विशेष इजलास रिट | ६४ | ३० | ९४ | ३० | ६४ |
| 9= | साधक | ८८ | ३४ | १२२ | ४७ | ७५ |
| 10= | दोहोर्‍याई पाऊँ देवानी | १०९६ | ४४८ | १५४४ | ६२९ | ९१५ |
| 11= | दोहोर्‍याई पाऊँ फौजदारी | ३५३ | ११९ | ४७२ | २२२ | २५० |
| 12= | पुनरावलोकनको निवेदन | ४५१ | २४८ | ६९९ | ११९ | ५८० |
| 13= | पुनराबेदनको अनुमति निवेदन | १०५ | ९ | ११४ | १७ | ९७ |
| 14= | विविध | ७२ | १० | ८२ | १२ | ७० |
| 15= | निवेदन | १० | १५१ | १६१ | १०६ | ५५ |
| 16= | प्रतिवेदन | १४ | ७९ | ९३ | ५० | ४३ |
| 17= | अवहेलना | ० | ० | ० | ० | ० |
| 18= | संक्षिप्त | ० | ० | ० | ० | ० |
| 19= | फुटकर | ० | ० | ० | ० | ० |
| | जम्मा | १०९९० | २६८६ | १३६७६ | ३३८७ | १०२८९ |

## २०६६ साल पुस १६ देखि ३० गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | ११ | (ङ) आदेश संख्या | २३१ |
| (ख) पेशी चढेका मुद्दा संख्या | २०३२ | (च) फछ्र्यौट संख्या | ३३७ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ६०० | (छ) हेर्न नभ्याएका | ७७७ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | ७१ | (ज) नि.सु. संख्या | १६ |

## समूहकृत (अभियान) मुद्दाहरूको २०६६ पुस ३० गतेसम्मको स्थिति

पहिलेको संख्यामा पछिल्लो एक वर्ष (२०६२ असार) सम्म दायर मुद्दा पनि समूह (पेनल) मा समावेश

| समूह | कूल मुद्दा | फैसला | बाँकी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | हेर्दाहेर्दै | नि.सु. | पेशी | मेलमिलापमा गएको | अन्य | जम्मा |
| फौजदारी | ३६३ | ८० | २४ | | ८३ | – | १७६ | २८३ |
| देवानी | ११९५ | ५६७ | ४४ | १० | ३१६ | ५८ | २०० | ६२८ |
| रिट/वाणिज्य | १६९ | १४४ | १२ | – | ९ | – | ४ | २५ |

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)
**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६६, पुस- २, पूर्णाङ्क ४२०, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

## सर्वोच्च अदालतका निम्न प्रकाशनहरू बिक्रीका लागि उपलव्ध भएको व्यहोरा जानकारी गराउँछौं

१. नेपाल कानून पत्रिकाका पुराना अङ्कका साथै २०६६ सालको अङ्क १ देखि ५

२. पुराना अङ्कका साथै सर्वोच्च अदालत बुलेटिन, २०६६ पुस - २

३. विषयगत नजीर संग्रह खण्ड १ देखि खण्ड १३ सम्म जम्मा १८ भाग

- २०६६ साल साउनदेखि नेपाल कानून पत्रिकाको प्रति अङ्क मूल्य रु.३०।-र सर्वोच्च अदालत बुलेटिनको प्रति अङ्क रु.१५।- कायम गरिएको छ ।
- नेपाल कानून पत्रिकाको वार्षिक (१२ अङ्क) ग्राहक शुल्क रु.३५०।- कायम गरिएको छ ।
- सर्वोच्च अदालत बुलेटिनको वार्षिक (२४ अङ्क) ग्राहक शुल्क रु.३५०।- कायम गरिएको छ ।
- २०६६ साउन महिनादेखि नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको ग्राहक बनाउन शुरु गरिएको छ ।

१. यस बुलेटिनमा केबल ती निर्णय समावेश हुँदैनन्, जो सम्पादन समितिलाई सम्बन्धित इजलास अधिकृतबाट तोकिएको १५ दिनको अवधिभित्र प्राप्त भएका हुँदैनन् ।

२. नेपाल कानून पत्रिकामा प्रकाशित भएबाहेक अन्य महत्वपूर्ण निर्णयहरू प्रकाशनका लागि छुटेका भए त्यसरी छुटेका निर्णयको प्रतिलिपि सम्पादन शाखामा उपलव्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं । यसरी प्राप्त भएका निर्णयहरू पहिले प्रकाशन नभएका भए र प्रकाशनयोग्य ठहरिए क्रमशः प्रकाशन गर्दै जाने व्यहोरा समेत अनुरोध गर्दछौं ।

३. सर्वोच्च अदालतका प्रकाशनयोग्य सूचना तथा जानकारी हामीलाई प्रकाशनार्थ उपलव्ध गराई दिनु हुन सम्बन्धित महाशाखा तथा समितिका सचिवहरूसँग अनुरोध गर्दछौं ।

मूल्य रु.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विशेष इजलास

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको WS-००२७, उत्प्रेषण परमादेश, *दीपेन्द्रराज मिश्र समेत वि. स्वास्थ्य सेवा विभाग समेत*

निवेदकहरूले आफूहरूको पदस्थापन कुनै खास कार्यालयमा नै हुनुपर्छ भनी माग गर्नसक्ने कुनै कानूनी आधार देखिँदैन । कहाँ, के, कुन कार्यालयमा, के कस्तो दरवन्दी सिर्जना गर्ने भन्ने नितान्त प्रशासनिक प्रकृतिको विषयवस्तुमा स्पष्ट कानूनी आधार बेगर यो यस्तो पदस्थापनाको कार्य गर्नु भनी अदालतले परमादेश वा निर्देशनात्मक प्रकृतिको आदेश जारी गर्न वाञ्छनीय नहुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल कात्तिक १९ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको WS-००२८, उत्प्रेषण समेत, *कृष्ण आचार्य समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## संयुक्त इजलास

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६२ सालको दे.पु.नं. ८५७९, जग्गा निखनाई पाऊँ, *राजन अर्याल वि. निर्मला अर्याल समेत*

सन्धिसर्पन पर्नका लागि जग्गाको साँध जोडिनु एउटा आधार हो तर सो एकमात्र आधारबाट मात्रै साँध जोडिएको जग्गाहरू सन्धिसर्पन पर्ने जग्गा हुन भन्ने निष्कर्षमा पुग्न सकिँदैन । अरु के कुन आधार कारणले दावी गरिएको जग्गा सन्धिसर्पन पर्ने हो त्यसको पुष्ट्याई निखन्न चाहने व्यक्तिले प्रमाणित गर्नुपर्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६३ सालको रिट नं. WO-०७९५, उत्प्रेषणयुक्त परमादेश, *पन्तेभाई महर्जन वि. बढुवा समितिको कार्यालय रुपन्देही समेत*

निजामती सेवा नियमावली, २०५० को नियम ७६(ख)(३) अनुसार निज निवेदक उल्लिखित पदमा सूचना प्रकाशित मिति २०६३।३।१६ पश्चात्को मिति २०६३।३।१८ को निर्णयले निज निवेदक कञ्चनपुर भन्सार कार्यालयबाट सरुवा भई आएको देखिएकोले बढुवाको सूचना प्रकाशित हुँदाको अवस्थामा जिल्लास्थित सम्बन्धित कार्यालयमा कार्यरत् रहेको अवस्था नदेखिएकोले निजामती सेवा नियमावली, २०५० को नियम ७६(ख)(३) बमोजिम सम्भाव्य उम्मेदवार हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. २६०१, उत्प्रेषण,*विनोदकुमार अग्रवाल वि. आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १*

निवेदकले आ.व. २०५५/२०५६ मा दाखिला गर्नुपर्ने रकम नदेखिएकोमा २०५६/०५७ मा रु.९,८५२।५० दाखिला गरिसकेको देखिन्छ । आयकर ऐन, २०३१ को दफा ३३(क)(२) अनुसार विपक्षीबाट पत्रमा उल्लिखित अन्तिम कर निर्धारण आदेश भएको देखिँदैन र ऐ. को दफा ५६(१) को प्रतिवन्धात्मक वाक्यांश अनुसारको पुनः कर निर्धारण आदेशउपर गराउन पत्राचार गर्नु कानूनसम्मत देखिन नआउने हुँदा असूलउपर नगर्नु नगराउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ असार १४ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.०३१९, उत्प्रेषण, *मिलनविक्रम शाह वि. पुनरावेदन अदालत पाटन समेत*

अ.वं. १७ नं. को प्रयोग तल्लो अदालतमा विचाराधीन मुद्दाको तथ्यभित्र प्रवेश गर्ने नभई तालुक अड्डाले गर्ने आदेशबाट निर्णयमा प्रभाव नपर्ने गरी कानूनले ताकेको म्याद नाघेको वा वेरितको भएको अवस्थामा मात्र सीमित दायरामा प्रयोग गरिने हुँदा अ.व. १७ नं. बमोजिम परेको निवेदनको सुनुवाइको क्रममा मुद्दामा पुनरावेदन हेरेसरह विचाराधीन मुद्दामा गरिने सम्भावित निर्णय प्रभावित हुने गरी प्रमाणको मूल्याङ्कन गरी निष्कर्ष निकाल्ने अधिकार यसले प्रदान गर्दैन । महानगरपालिकाले उल्लिखित विवादको जग्गामा नक्सा पास हुने ठहर भएको निर्णयबाट उक्त जग्गा निजी वा सार्वजनिक के हो वा उक्त विवादित स्थलमा सार्वजनिक बाटो थियो वा थिएन भन्ने विवादको निरुपण अ.वं. १७ नं. को निवेदनको आधारमा हुन  नसक्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

**५.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३०२२, प्रतिषेध मिश्रित उत्प्रेषण, *महेश्वरलाल मिश्र वि. स्थानीय विकास मन्त्रालय पुल्चोक समेत*

यसै विवादको बाटो प्रयोगका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा यिनै पक्ष विपक्षबीच विभिन्न मुद्दाहरू परी विचाराधीनसमेत रहेको देखिँदा उक्त सार्वजनिक प्रयोगको बाटो भनिएको जग्गाको सम्बन्धमा उक्त जग्गामा रहेको बाटो सार्वजनिक रुपमा परिवर्तन भइसकेको हो वा होइन ? उक्त सार्वजनिक प्रयोगको भनिएको बाटोको हक स्वामित्व कायम हुने नहुने सम्बन्धमा जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दाबाट साधारण अधिकार क्षेत्रअन्तर्गत निराकरण गर्नुपर्ने हुन आउँछ । मातहत अदालत वा अड्डाको विचाराधीन मुद्दामा प्रत्यक्ष वा परोक्षरुपबाट मुद्दाको तथ्यभित्र प्रवेश गरी विचाराधीन मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रबाट हेर्न नमिल्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रसाद सिटौला,** २०६० सालको फौ.पु.नं. ३३८३, सवारी ज्यान, *नेपाल सरकार वि. नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी लि. लाजिम्पाट*

पुनरावेदक वादी नेपाल सरकारले पुनरावेदन गर्दा गरेको स्वीकारोक्तिसमेतबाट मृतकका हकदारलाई उपलब्ध गराई दिनुपर्ने सवारी दुर्घटनाको क्षतिपूर्तिबापतको रकम प्रमुख जिल्ला अधिकारीबाट भराई दिनुपर्ने देखिएको र वीमा कम्पनीको प्रतिनिधिले अदालतमा गरेको वयान ऐ, का कानून व्यवसायीले यस अदालतमा प्रस्तुत गरेको बहस जिकीर समेतबाट मृतकका हकदारलाई दिलाई दिने सवारी दुर्घटनाको क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीमार्फत दिन मञ्जूर नै गरेको देखिएको तत्काल यथाशीघ्र भराई दिने प्रकृतिको उल्लिखित रकम प्र.जि.अ. मार्फत भराई दिने भन्ने ऐनको भावना रहेको समेतको आधारमा अदालतबाट भराई रहन नपर्ने ।

प्रमुख जिल्ला अधिकारीमार्फत वीमा रकम उपलब्ध गराइदिन आवश्यक कार्यवाही यथाशीघ्र अगाडि बढाउनको लागि जिल्ला सरकारी वकील कार्यालय वर्दियालाई लेखी  पठाइदिने ।

इजलास अधिकृत : कमलराज विष्ट

कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको स.फौ.पु.नं.२८, करकाप, *देवमाया पुन वि. कृष्णमाया गुरुङ समेत*

मिति २०५५।३।२० मा धनी सुविन्द्र गुरुङ र ऋणी देवमाया पुन बीच खडा भएको लिखतमा अन्य लिखतका धनी दुर्गाबहादुर गुरुङ र हरि गुरुङ साक्षी बसेको त्यस्तै कर्णबहादुर पुन धनी र देवमाया पुन ऋणी भई मिति २०५५।१।६ मा खडा भएको लिखतमा अन्य लिखतका साक्षी हरि गुरुङ, राजेन्द्रकुमार गुरुङलाई साक्षी राखेको देखिएको त्यस्तै भगवती थापा धनी देवमाया पुन ऋणी बीच खडा भएको लिखतका अन्य लिखतका धनी शकुन्तला राई तथा राजु भट्टचन साक्षी बसेको त्यस्तै राजुप्रसाद भट्टचन धनी भएको लिखतमा पनि शकुन्तला राई र शीलाराना साक्षी बसेको एवं शीला राना धनी भई खडा भएको मिति २०५५।२।२०।४ को लिखतमा अन्य लिखतमा अन्य लिखतका धनी शकुन्तला राई साक्षी बसेको देखिन्छ । साथै ती धेरै लिखतको लेखक साक्षीका अधिवक्ता तेजबहादुर रहेका छन् । यसप्रकार भएको कारोबारको प्रकृति हेर्दा ऋणीका हकवाला आफन्तलाई साक्षी राख्नु पर्नेमा एकै मितिमा भएको देखिएका लिखतमा तीनै धनीहरूलाई अन्तरसाक्षी राखिएको देखिँदा लिखतहरू स्वाभाविक तवरबाट भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : कमलराज विष्ट
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल असोज २९ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ९७१५, लेनदेन, *देवमाया पुन वि. शीला राना* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको रिट न.. ००३०, बन्दीप्रत्यक्षीकरण, *नानीबाबु खत्री वि. महानगरीय प्रहरी परिसर काठमाडौँ समेत*

यी निवेदक प्रतिवादी रहेको ठगी मुद्दाको अनुसन्धानको सिलसिलामा नै अर्थात मिति २०६५।१।११ मा नै यी निवेदकले झूट्टा विवरण उल्लेख गरी नागरिकता लिएको भन्ने कुरा जानकारी भै सकेकोमा उल्लिखित मितिले सो मुद्दामा समेत कानूनको म्यादभित्र अनुसन्धान नगरी लामो समयपश्चात् अर्थात् २०६६।७।१७ मा मात्र अनुसन्धान किन गर्नु परेको र मौकामा किन अनुसन्धान गर्न नसकिएको हो सो कुरा लिखित जवाफबाट खुल्न आएको देखिँदैन । अनुसन्धान अधिकारीलाई निवेदकले दुई वटा वारदात घटाएको कुरा ठगी मुद्दाको अनुसन्धानको क्रममा थाहा भएको सो दुवै वारदात घटनाको सम्बन्धमा उतिवेला नै अनुसन्धान भै मुद्दा दायर भएको भए निवेदकलाई सबै भन्दा ठूलो कलममा मात्र सजाय हुने कानूनी व्यवस्था देखिएबाट निजलाई सोही बखत मुद्दा नचलाई हाल आएर पक्राउ गरी जिल्ला अदालतको अनुमतिबाट अनुसन्धानको क्रममा राखेको थुनालाई कानूनबमोजिम थुनामा राखेको भन्न नमिल्ने ।

प्रवृत्त भावना राखी गैरकानूनी तवरले थुनामा राखेको देखिएकोले गैरकानूनी थुनाबाट मुक्त गरी दिनु भनी वन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : कमलराज विष्ट
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६६ साल मंसिर १२ गते रोज ६ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको स.फौ.पु.नं.३३०२, कर्तव्यज्यान, *नेपाल सरकार वि. गगन राय यादव समेत,* २०६२ सालको फौ.पु.नं. ३६६५, *मोहम्मद मोइद आलम वि. श्री ५ को सरकार,* २०६२ सालको फौ.पु.नं. ३४५६, *गगन राय यादव वि. नेपाल सरकार*

आत्मपरक रुपमा नभई वारदातको समग्र परिस्थिति र प्रकृति, संकलित प्रमाणहरूको सिलसिलाबद्ध सृंखला, वारदात घटाउँदाका अवस्थाको आरोपित व्यक्तिको मनसाय एवं आपराधिक कार्यबीचको तादात्म्यतालगायतका यावत् पक्षहरूलाई सूक्ष्मतम् रुपमा विश्लेषण गरी घटी सजाय गर्नुपर्ने औचित्य पुष्टि भएमा मात्रै सो कानूनी व्यवस्थाको प्रयोग गरिनु सान्दर्भिक हुन आउँछ । अन्यथा बिनाआधार र कारण केवल सतही एवं मनोगतरुपमा अ.वं. १८८ नं. को प्रयोग गरी कुनै पनि अपराधमा ठहरेबमोजिमको सजाय घटाउन नमिल्ने ।

संकलित सबूद प्रमाणहरूबाट यी प्रतिवादी घटनास्थलमा उपस्थित रहेको भन्ने तथ्यसम्म स्थापित हुन आएको देखिँदा यी प्रतिवादीलाई ज्यान सम्बन्धी महलको १७ (३) नं. बमोजिम नै सजाय हुने ।

प्रतिवादीमध्येका गगनदेवको साथमा नचिनेका ६।७ जना व्यक्तिहरू पनि थिए भनी जाहेरवाला पवनकुमार पटेलले जाहेरी दर्खास्तमा उल्लेख गरेको भए तापनि ती नचिनेका अन्य व्यक्तिहरू यिनै प्रतिवादीहरू थिए भन्ने कुरा स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा अभियोग दावी बाट सफाई पाउने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६६ साल मङ्सिर २४ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रामकुमारप्रसाद शाह**, २०६० सालको फौ.पु.नं. ३२१६, ज्यान मार्ने उद्योग, *रुपलाल भन्ने रुपनारायण चौधरी वि. नेपाल सरकार*

बन्दुकको प्रयोग भएको अवस्थामा पनि कुटपीटको वारदातमा सजाय गर्न सकिने गरी कानूनी व्यवस्था समेत भएको पाइन्छ । कुनै पनि वारदात कुटपीटभित्र पर्ने वा कर्तव्य ज्यानभित्र पर्ने भन्ने कुराको भिन्नता छुट्याउने मापदण्ड भनेको वारदातको प्रकृति घाउचोटको अवस्था संलग्न व्यक्तिको मनसायनै प्रमुख हुन आउँदछ । प्रस्तुत मुद्दाको समग्र विश्लेषण गर्दा ज्यान लिने उद्देश्यबाट पीडितमाथि आक्रमण गरेको भन्ने कुरा पुष्टि हुन सकेको नदेखिएकोले र घाउ चोटको अवस्था मर्नेसम्मको नभएको र तेस्रो पक्षको अवरोधबाट ज्यान मर्न नपाएको भन्ने अवस्था समेत नहुँदा त्यस्तो वारदातको सम्बन्धमा मु.ऐ. ज्यानसम्बन्धी महल आकर्षित नभई मु.ऐ. कुटपीटको महल आकर्षित हुने अवस्था देखिने ।

इजलास अधिकृत : ध्रुवराज त्रिपाठी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल कात्तिक १६ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०५९ सालको दे.पु.नं. ८९६५, अंश चलन, *भक्तध्वज प्रधान वि. प्रेमध्वज प्रधान,* २०५९ सालको दे.पु.नं. ८९९८, *लक्ष्मी प्रधान समेत वि.प्रेमध्वज प्रधान,* २०५९ सालको दे.पु.नं. ८९९०, *अमिरध्वज प्रधान वि. प्रेमध्वज प्रधान*

सौतेनी छोरा र भतिजाबीच हकवाला एवं संरक्षकत्वको प्राथमिकता निर्धारण गर्नेसम्बन्धी विद्यमान कानूनी व्यवस्था अध्ययन गर्दा सौतेनी छोराले भन्दा देवरको छोराभतिजाले प्राथमिकता पाउने भन्न मिल्ने अवस्था देखिँदैन । आफ्नो उदरको छोरा, छोरी नभएको अवस्थामा सौतेनी छोरा पनि सौतेनी आमाको प्राकृतिक संरक्षक हुन सक्ने र उसको संरक्षकत्व भन्दा प्राथमिकता पाउने ।

प्रतिवादीहरूले एकासगोलको सम्पत्ति भनी जिकीर लिएको गंगादेवी प्रधानले २०१८।८।२५ र २०१८।९।३ मा काजीमान र अष्टमानबाट राजीनामाबाट खरिद गरिलिएको कि.नं. ९१ र ४ को घर जग्गाको राजीनामा लिखतमा पनि स्पष्ट रुपमा गंगादेवी प्रधानको दाइजो पेवाबाट खरिद

गरेको भन्ने समेतको व्यहोरा उल्लेख भएको र त्यस्तो सम्पत्ति तत्कालीन कानूनी व्यवस्थाअनुरूप पनि स्त्री अंशधनअन्तर्गतको निजी आर्जनको सम्पत्ति रहेको हुँदा सो जग्गाहरू पनि गंगादेवीकै निजी आर्जनभित्रको वण्डा नहुने प्रकृतिको सम्पत्ति रहे भएको स्पष्ट देखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक ४ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०५९ सालको फौ.पु.नं. ३२१३, जालसाजी, *अमिरध्वज प्रधान वि. प्रेमध्वज प्रधान,* २०५९ सालका फौ.पु.नं. ३२१५, *उमेश मास्के समेत वि. प्रेमध्वज प्रधान,* २०६० सालको फौ.पु.नं. ३३७८, *ईश्वरलाल श्रेष्ठ वि. प्रेमध्वज प्रधान*
- २०५९ सालको दे.पु.नं. ८९९२, वकसपत्र बदर, *अमिरध्वज प्रधान वि. प्रेमध्वज प्रधान,* २०५९ सालको दे.पु.नं. ८९९९, *लक्ष्मी प्रधान समेत वि. प्रेमध्वज प्रधान*
- २०५९ सालको फौ.पु.नं. ३२१२, जालसाजी, *अमिरध्वज प्रधान वि. प्रेमध्वज प्रधान,* २०५९ सालको फौ.पु.नं. ३२१४, *लक्ष्मी प्रधान समेत वि. प्रेमध्वज प्रधान*
- ०६५ दे.पु.नं. CI-०३७७, अंश, *भक्तध्वज प्रधान वि. सानुमैया प्रधान समेत,* ०६५ दे.पु.नं. CI-०३७८, *अमिरध्वज प्रधान वि. प्रेमध्वज प्रधान,* ०६५ दे.पु.नं. CI-३७५, *लक्ष्मी प्रधान समेत वि. प्रेमध्वज प्रधान समेत*
- २०५९ सालको दे.पु.नं. ८९९१, शेषपछिको वकसपत्र बदर, *अमिरध्वज प्रधान वि. प्रेमध्वज प्रधान*
- २०५९ सालको दे.पु.नं. ८९९३, बकसपत्र बदर, *अमिरध्वज प्रधान वि. प्रेमध्वज प्रधान,* २०५९ सालको दे.प.नं. ९०००, *लक्ष्मी प्रधान समेत वि.प्रेमध्वज प्रधान*
- ०६५ दे.पु.नं. CI- ०३७६, अंश दपोट, *भक्तध्वज प्रधान वि. प्रेमध्वज प्रधान*

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ८९६८, शेषपछिको वकसपत्र बदर, *गंगा पराजुली वि. प्रेमध्वज प्रधान*

आफ्नो निजी आर्जनको आफूखुस गर्न पाउने दाइजो पेवाको सम्पत्ति आफ्ना तत्कालीन संरक्षक एवं पतिको रोहवरमा प्रतिवादी यमुना पौडेललाई शेषपछिको वकसपत्र गरिदिएको तथा दाता गंगादेवीको हाल मृत्यु समेत भैसकेको अवस्था हुँदा मिति २०४५।२।६ को शेषपछिको वकसपत्रको लिखत बदरतर्फ दावी पुग्न नसक्ने ठहर्‍याएको शुरु काठमाडौँ जिल्ला अदालतको फैसला उल्टी गरी दावीअनुसारको उल्लिखित शेषपछिको वकसपत्र लिखत बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०५८।११।२३ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक ४ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ८६१३, मोही स्रेस्तामा चढाई पाऊँ, *तुल्सी चौधरी वि. जीतेन्द्र चौधरी समेत*

भूमिसम्बन्धी ऐन, २०२१ तथा नियमावली, २०२१ बमोजिम मोही हुनका लागि १ नं. लगत २ नं. अनुसूची, ४ नं. जोताहाको अस्थायी निस्सा एवं ३ नं. मोहियानी हकको स्थायी प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने अनिवार्यता देखिन्छ । तर वादीले प्रमाणमा ३ नं. मोहियानी हकको स्थायी प्रमाण पत्र बाहेक अन्य कुनै प्रमाण पेश दाखेला गर्न सकेको देखिँदैन । जसबाट ३ नं. मोहियानी हकको स्थायी प्रमाणपत्रबाहेक अन्य कुनै पनि प्रमाणबाट वादी मोही रहेको भन्ने नदेखिनुका साथै नापीको क्षेत्रीय किताव उतार २ नं. अनुसूची एवं ३ नं. मोहियानी हकको स्थायी प्रमाणपत्रबाट

साधुराम थारु मोही देखिँदा वादी दावीबमोजिम निजका नाममा मोही नामसारी हुन नसक्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

इति संवत् २०६६ साल भदौ २८ गते रोज १ शुभम् ।

५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको दे.पु.नं. ९३६७, हिसाब दिलाई पाऊँ, *रामरिझन यादव वि. नेशनल ट्रेडिङ लि.*

केवल प्रतिउत्तरमा वादीले प्राप्त गर्नुपर्ने रकम पहिले नै दिइसकेको भनी उल्लेखसम्म गरी अभिलेख देखाउन नसकेको अवस्थामा केवल प्रतिउत्तर भनाईलाई मात्र आधार मानी दावीको रकमहरू वादीले प्राप्त गरिसकेको भनी मान्न नमिलेकोले नियमावलीमा व्यवस्था गरिएबमोजिम वादी सेवामा बहाल रहेको अवस्थामा पाउनु पर्ने शीर्षक अन्तर्गतको रकम वादीले नपाउने भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ २८ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९६०६, दर्ता बदर, *रामराज खरेल वि. लक्ष्मीदेवी उपाध्याय*

२०२१ सालमा नाप नक्सा भई क्षेत्रफल कम वेसी नपुग भएको अवस्था भए ऐनमा म्यादभित्र उजूर गरी हक कायम गराउन पाउने अधिकार जग्गा नाँप जाँच ऐनले तोकेकोमा सो अवधिभित्रै वादीको पतिको कहिँ कतै उजूरी परेको नदेखिएकोमा २०३८ सालको आयोगको निर्णयअनुसार प्रत्यर्थी वादीको नाममा हक कायम हुनुपर्ने नै पुनरावेदक प्रतिवादीका नाममा जग्गाको स्वामित्व सरिसकेको अवस्थालाई तात्विक असर पार्नसक्ने अवस्था देखिँदैन । वस्तुतः सरकारी निकायबाट गठित आयोगको निर्णयले जग्गा प्राप्त गरेको देखिएकोले सोअनुसार हक प्राप्त गर्ने व्यक्तिको हक जान नसक्ने ।

इजलास अधिकृत : ध्रुवराज त्रिपाठी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ९६०२, दर्ता बदर, *जीतबहादुर अधिकारी वि. लक्ष्मीदेवी उपाध्याय*
- २०६० सालको दे.पु.नं. ९६०३, दर्ता बदर, *विनोद अधिकारी वि. लक्ष्मीदेवी उपाध्याय*
- २०६० सालको दे.पु.नं. ९६०४, दर्ता बदर, *अमृतादेवी साउद वि. लक्ष्मीदेवी उपाध्याय*
- २०६० सालको दे.पु.नं. ९६०५, दर्ता बदर, *दीपादेवी साउद वि. लक्ष्मीदेवी उपाध्याय*
- २०६० सालको दे.पु.नं. ९६०७, फैसला बदर, *रामराज खरेल वि. लक्ष्मीदेवी उपाध्याय*
- २०६० सालको दे.पु.नं., ९६०८, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *रामराज खरेल वि. लक्ष्मीदेवी उपाध्याय*

## इजलास नं. ३

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६५ सालको फौ.पु.नं. ००२१, राहदानी प्रदान गर्दा रिश्वत लिएको, *अर्जुनकुमार घिमिरे वि. नेपाल सरकार,* २०६५ सालको फौ.पु.नं. ००३४, *टुकनाथ ढकाल वि. नेपाल सरकार,*

अपरिचित सेवाग्राहीले अपरिचित राष्ट्र सेवकलाई फसाउने भन्ने प्रश्न नै आउँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष अनुरोध गरी नम्बर टिपिएको नोट प्राप्त गरी उक्त नोटहरू प्रतिवादीहरूलाई वीनाकारण दिए होलान् भनी भन्न मिल्दैन । यदि वीनाकारण नम्बर टिपिएका नोटहरू प्रतिवादीहरूको टेबलमा फाली प्रतिवादीहरूलाई फसाउन पर्ने कुनै कारण थियो भने त्यस्तो कारण दिनुपर्ने कर्तव्य प्रतिवादीहरूको हो । तर प्रतिवादीहरूले त्यस्तो कारण दिन

नसकेको हुँदा नम्बर टिपिएका नोट प्रतिवादीहरूको टेवलमा फालेको भन्ने कथन पत्यारलायक नदेखिने ।

आफूबाट बरामद भएको रु. १०,०००।- लाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी अर्जुनकुमार घिमिरे निर्दोष रहेको भन्नसक्ने स्थिति नदेखिने । आयोगबाट बुझिलिएको रकममध्ये रु.३,०००।- प्रतिवादी टुकनाथ ढकालबाटै बरामद भएको र अनुसन्धानको क्रममा बयान गर्दा यी प्रतिवादीले कमल राईको राहदानी बनाउने ठेक्का आफूले लिएको भनी स्वीकारसमेत गरेको देखिएबाट प्रतिवादी टुकनाथ ढकाल कसूरदार होइनन् भनी भन्न नसक्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल बैशाख ६ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको रिट नं. ३६१६, उत्प्रेषणयुक्त परमादेश, कमलादेवी झा वि. पुनरावेदन अदालत पाटन समेत

रिट निवेदन लेखबाट प्रतिवादी राजेश झा निवेदिकाको एक मात्र छोरा भएको भन्ने उल्लेख भएको र प्रतिवादी राजेश झा तथा बाबु गंगाकान्त झाको मृत्यु भैसकेको भन्ने पनि निवेदनबाट देखिएको र वैदेशिक रोजगार मुद्दामा ठहर भएबमोजिमको विगो प्रतिवादीको अंश हकबाट वादीहरूले भरी पाउने हुँदा प्रतिवादीको स्व. बाबुको नाममा दर्ता भएको कि.नं. २८१ र १११ जग्गा रोक्का भई सो जग्गामध्ये आधामा प्रतिवादीको अंश हक हुन आउने भएकोले जग्गा फुकुवा हुने नदेखिँदा प्रतिवादीको हकसम्मको जग्गाबाट लिलाम गर्न कुनै वाधा नपर्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल कात्तिक १९ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ३५०५, लागू औषध खैरो हिरोइन, *नेपाल सरकार वि. विनोद रिजाल*

प्रतिवादी कृष्ण गुरुङले अधिकारप्राप्त अधिकारीसमक्ष आफूसँगबाट बरामद भएको लागू औषध विनोद रिजालबाट लिएको भनी पोल गरी वयान गरे तापनि अदालतसमक्ष सो कुरा उल्लेखसम्म गरेको देखिँदैन । प्र. विनोद रिजालले लागू औषध कारोवारमा संलग्न नरहेको भनी जिकीर लिएकोमा संलग्न रहेको भन्ने कृष्ण गुरुङको प्रहरी समक्षको पोलबाहेक अन्य प्रमाणबाट सो कुरा समर्थन हुन सकेको नदेखिँदा आरोपित कसूर बाट सफाइ पाउने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको फौ.पु.नं. ४६९, कीर्ते जालसाज, *रीताकुमारी खनाल वि. ईश्वरीवती चौधरी समेत,* २०६५ सालको फौ.पु.नं. ०८२४, *ईश्वरीवती चौधरी वि. रीताकुमारी खनाल*

लिखत बदर मुद्दा देवानी प्रकृतिको र जालसाजी मुद्दा फौजदारी प्रकृतिकोभित्र पर्ने देखिन्छ । कानूनले इङ्गित गरेको मार्ग अवलम्बन नगरी बाटो विराई आउनेलाई अदालतले मद्दत गर्न सक्दैन । वादीले कानूनले व्यवस्था गरेअनुसार लिखित बदरतर्फ हदम्यादभित्र फिराद गर्न नालेस दिन नसकेको तथ्यलाई वादी स्वयंले नै स्वीकार गरेको देखिन्छ । उल्लिखित रामबहादुरसँगको मुद्दाको कि.नं. ७०८ मध्येको जग्गा हो भन्ने आधारमा कानूनविपरीत जालसाजी मुद्दाबाट लिखत बदरतर्फको इन्साफ बोल्न नमिल्ने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ८८५३, जग्गा खिचोला मेटाई सार्वजनिक बाटो खुलाई घर उठाई चलन, *विन्देश्वर खंग खत्वे वि. कैलु खंग खत्वे समेत,* २०६३ सालको दे.पु.नं. ९००५, *कैलु खंग खत्वे समेत वि. विन्देश्वर खंग खत्वे*

वादीले पुनरावेदनमा उल्लेख गरेको जग्गाको सम्बन्धमा यिनै वादीले नै इलाका प्रहरी कार्यालयबाट गराएको कागज भनी पेश गरेको कागज हेर्दा प्रतिवादी कैलु खंग खत्वेलाई १ वर्षको निमित्त घरबारी बनाउन दिएको भन्ने भएको हुँदा र गाउँ विकास समितिको कार्यालयले वडा नं. २ का वडा अध्यक्ष रामदेव मण्डललाई सम्बोधन गरी बाटो सम्बन्धलाई लिएर मिति २०५५।६।२७ को पत्रमा प्रतिवादी कैलु, झवर, डम्बर, हितन खंगसमेतलाई १५ फीट बाटोलाई दखल नदिनु होला भन्ने समेत व्यहोरा उल्लेख भएको पाइदा विवादित जग्गाहरूमा गाउँ विकास समितिको नियन्त्रण र निगरानीमा रहेको देखिएको र चाहेको बेला नेपाल सरकारले जहिलेसुकै नै लिन सक्ने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको फौ.पु.नं. ०५७८, झूट्टा व्यहोरा लेखाई नागरिकता लिएको, *नेपाल सरकार वि. श्याम कर्ण चौधरी समेत*

नेपाल नागरिकता ऐन, २०२० को दफा १५ ले परिकल्पना गरेअनुसार यी प्रत्यर्थी प्रतिवादीहरूले नागरिकता प्रयोजनको लागि जानीजानी झूट्टा विवरण वा वयान दिई सिफारिश गरेको भन्ने कुराको पुष्टि नभएको अवस्थामा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. CI-०६०७, लिखत दर्ता बदर, *चन्द्रकुमार बस्नेत वि. गीता बस्नेत समेत*

वादी र प्रतिवादीले आफ्नो दावी जिकीरको पुष्ट्याइको निमित्त वादीले फिरादसाथ र प्रतिवादीले प्रतिउत्तरसाथ प्रमाण पेश गर्नुपर्ने मुलुकी ऐन अदालती बन्दोवस्तको ७७ नं. ले व्यवस्था गरेको पाइन्छ । यी पुनरावेदक प्रतिवादी चन्द्रकुमार बस्नेतले प्रतिउत्तर फिराउँदा र पुनरावेदन दिँदा पनि सो कुराको जिकीरसम्म लिन नसकेकोमा अहिले आएर सो कुराको जिकीर लिएको कानूनसम्मत नदेखिने ।

प्रतिवादीले पुनरावेदन अदालतमा शुरु अदालतको फैसलाउपर गरेको पुनरावेदनमा आफूले वादीहरूलाई १० भागको २ भाग अंश पाउने हुँदा ७ भागको २ भाग लिखत बदर हुनुपर्ने होइन भनी पुनरावेदन पत्रमा जिकीर लिएअनुसार पुनरावेदकको भागमा पर्न आउने सम्पत्तिबाट १० भागको २ भाग मात्र यी वादीहरू अंशियार देखिन आएकोले २ भाग लिखत बदर हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला सदर हुने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०६५-WO-०८३३, उत्प्रेषण परमादेश समेत, *बलरामलाल कर्ण वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय काठमाडौं समेत*

का.स.मू. फारम लोकसेवा आयोग, बढुवा समिति र सम्बन्धित कार्यालयमा रहनुपर्ने कानूनी व्यवस्था निजामती सेवा ऐनको दफा २४ क(६) ले गरेको देखिँदा निवेदकको का.स.मू. फारम बढुवा समितिको अन्तिम बैठक बस्दासम्म नपुगेको भन्नुमा निवेदकको गल्ती वा कमजोरी वा

लापरवाही भन्न मिल्दैन । निवेदकको गल्ती नभएको अवस्थामा आफ्नो वा अन्य कार्यालयको गल्तीको परिणाम निवेदकले भोग्नु नपर्ने ।

का.स.मू. फारम रहने दायित्व भएका बढुवा समिति र लोकसेवा आयोगले निजको का.स.मू. प्राप्त नभएको भनी निजको बढुवा नगर्ने गरी भएको विपक्षी बढुवा समिति र लोकसेवा आयोगको निर्णय नमिलेकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल मङ्सिर २३ रोज ३ शुभम् ।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०५९ सालको फौ.पु.नं. २९८५, कीर्ते जालसाज, *श्रवणकुमार चौधरी थारु वि. आशादेवी थरुनी*

मुद्दाको पुर्पक्षमा रहँदासम्म बुझिएका प्रमाणका आधारमा विवादित भर्पाइ प्रतिवादीले कीर्ते व्यहोराबाट तयार भएको भन्ने प्रमाणित भएको र कीर्ते प्रमाणित भएको भर्पाई अन्यथा हो भनी खण्डन गर्ने प्रमाण नहुँदासम्म त्यसलाई सही मान्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल कात्तिक ९ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०५९ सालको फौ.पु.नं. २९८६, कीर्ते जालसाल, *श्रवणकुमार चौधरी थारु वि. आशादेवी थरुनी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०६५-WO-०५०३, उत्प्रेषण समेत, *गोपाल गुरागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*

सार्वजनिक महत्त्वको विषयलगायत राष्ट्रिय गतिविधिका हरेक पक्षका सूचनाहरूबाट नागरिक सुसूचित हुन पाउने मौलिक हकको प्रत्याभूतिका लागि संवाहकका रुपमा रहेको रिट निवेदकले आफ्नो संस्था विपक्षी सूचना तथा सञ्चार मन्त्रालयका व्यवहारका कारण बन्द नै गर्नुपर्ने स्थिति सिर्जना हुन जाने भएकोले उक्त प्रा.लि. ले आ.व. २०६५।०६६ का लागि नवीकरण दस्तूर रु.२,२०,०००।- थप जरीवाना रु.२,२०,०००।- र रोयल्टीबापत रु. ८३,२२७।५१ बुझाई सकेको भन्ने देखिएको छ । नेपाल सरकारको मिति २०६५।६।१७ को निर्णयमा त्यस्ता रकमहरू बुझाइसकेको भए फिर्ता पाउने भन्ने समेतको उल्लेख भएको र निवेदक कम्पनी रेडियोको परिभाषा र दायरा पर्ने संस्था भएकोले उक्त निर्णयअनुसारको सुविधाहरू प्राप्त गर्न कानूनले बन्देज नलगाएको अवस्था हुँदा सूचना तथा सञ्चार मन्त्रालयले उक्त सुविधा दिन नमिल्ने भनी गरेको २०६५।१०।३ को पत्राचार एवं सोसँग सम्बन्धित अन्य कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल मङ्सिर १ गते रोज २ शुभम् ।

११.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०६३-WO-११४४, परमादेश, *ध्रुवप्रसाद चौलागाई वि. यातायात व्यवस्था मन्त्रालय काठमाडौँ समेत*

सडक निर्माण गर्न कतिपय ठाउँमा जग्गा प्राप्त गर्नुपर्ने हुन सक्छ । वन क्षेत्रको रुख काट्नु पर्ने हुनसक्छ । पुल निर्माण गर्नुपर्ने हुनसक्छ । कुनै Locality मा स्थापित जनसमूदायलाई अन्यत्र सार्नुपर्ने हुन्छ । तर सुरुङ मार्गमा त्यस्तो हुदैन । साधन, बजेट एवं प्रविधिको पनि आवश्यक पर्दछ । तसर्थ यस्तो विषयमा अदालत प्रवेश नगर्ने भए पनि निवेदकले माग गरेको काठमाडौँ-हेटौँडा सुरुङमार्ग नेपाल सरकारको पनि योजनामा परी सम्भाव्यता अध्ययन एवं रेखाङ्कन समेत थालनी भएको भनेको हुँदा निवेदकको मागलाई औचित्यहीन भन्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

१२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको रिट नं. ०६५-WO-००१०, परमादेश, *महेशकुमार कटुवाल वि. काठमाडौँ जिल्ला अदालत समेत*

सरकारवादी हुने फौजदारी मुद्दाको पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तलाई मुद्दा पेशीको दिन सरकारी खर्चमा अदालतमा उपस्थित गराई नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ र ICCPR १९६६ को धारा १४ (३) को खण्ड (a) देखि (g) सम्मको हक हनन् नगर्नु भनी विपक्षहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल भदौ ३ रोज ४ शुभम् ।

१३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको रिट नं. ०६५-WO-०३८७, उत्प्रेषणयुक्त परमादेश, *सन्तोष बस्नेत समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*

सय वर्ष नाघेका शालिक एवं मूर्तिहरू प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को व्यवस्थाले गर्दा नष्ट गर्न र हटाउन नहुने र त्यस्ता वस्तुको मर्मत एवं सम्भार गर्नुपर्ने सरकारको कानूनी कर्तव्य हुँदा निवेदकले माग गरेकोमध्ये सय वर्ष नाघेका प्राचीन स्मारकहरू नष्ट नगर्ने र कानूनबमोजिम बाहेक स्थानान्तरण पनि भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

१४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको फौ.पु.नं. CR-०२८६, डाँका चोरी, *नेपाल सरकार वि. राजीतराम मिश्रा समेत*

वारदातमा संलग्नमध्ये झीकबहादुर डाँगीलाई सैनिक अदालतबाट सजाय भएकोले प्रस्तुत मुद्दामा प्रतिवादीहरूले पनि सजाय पाउनुपर्छ भन्ने पुनरावेदन जिकीर सम्बन्धमा प्रस्तुत मुद्दा हेर्ने स्वतन्त्र न्यायिक निकाय अदालतमा मुद्दा दायर भै न्यायिक मूल्य, मान्यता र प्रमाणको मूल्याङ्कन गरी फैसला भएको तथ्य सैनिक अदालतले गर्ने र गरेका कामकारवाहीसँग सामान्य अदालतले गर्ने गरेका मुद्दाको तुलना गरी सोलाई आधार मानी हाम्रो स्वतन्त्र न्यायालयले फैसला गर्नुपर्ने अवस्था पनि नहुने हुनाले सो आधारमा सजाय गरिनुपर्ने भन्ने पुनरावेदन जिकीर ग्रहणयोग्य नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल कात्तिक ८ रोज १ शुभम् ।

१५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ८८७० र ८८७१, अपुताली हक कायम दर्ता जग्गा खिचोला चलन, *सत्यनारायण राय यादव वि. राजधारी राय यादव,*

अपुतालीको महलमा सँगबसेको छोरा भए सँगबसेको छोराले र सबै छोरा भिन्न भै बसेको भए सबै छोराले बाबुआमाको अपुताली बराबर पाउने व्यवस्था भएको छ । आमाको सम्पूर्ण सम्पत्तिमा दावी गर्नु पुन अंश मिसाई आमासँग बसेको भन्ने प्रमाणित हुनुपर्छ । तर यसको अभावमा सम्पत्ति एकलौटी पाउनुपर्छ भन्ने जिकीर कानूनअनुरूपको देखिन नआउने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल कात्तिक ११ रोज ४ शुभम् ।

१६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको फौ.पु.नं. ३६०६, जालसाजी, *इन्द्रकुमारी श्रेष्ठ वि. यशोदादेवी श्रेष्ठ समेत*

कीर्ते कागजको महलको १८ नं. मा २०५८ सालमा संशोधन हुनुपूर्व जालसाज भए गरेकोमा भएगरेको मितिले २ वर्षभित्र फिराद दिनुपर्ने व्यवस्था भएकोमा वादीले उक्त १८ नं. मा भएको हदम्यादभित्र फिराद नगरी १०(दश) वर्ष पश्चात् २०४९।३।२४ मा मात्र फिराद दायर गरेको देखिँदा वादीको फिराद हदम्यादभित्र परेको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल कात्तिक ११ रोज ४ शुभम् ।

१७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८६७६, अंश चलन, *इन्द्रकुमारी श्रेष्ठ वि. यशोदादेवी श्रेष्ठ*

मानसिक रोगबाट ग्रसित भै होस ठेगानमा नभएका वादीको अंश छोडपत्र लिखत गराउँदा निजको संरक्षक नराखी विपरीत स्वार्थ भएका प्रतिवादी स्वयं साक्षीमा बसेको क्रियाले मान्यता प्राप्त गर्न नसक्ने तथा कानून र न्यायको दृष्टिकोणबाट पनि उक्त अंश छोडपत्र लिखतलाई न्यायोचित मान्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल कात्तिक ११ रोज ४ शुभम् ।

१८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०२९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिबहादुर बसेल सार्की*

श्रीमान श्रीमतीबीच अंशको सामान्य विवादलाई लिएर मार्नुपर्नेसम्मको अवस्था सिर्जना हुन सक्छ भन्नु न्यायोचित हुँदैन । मृतक र प्रतिवादी सँगैबसेका अवस्थामा मृतकको मृत्यु हुनुले मात्र परिस्थितिजन्य प्रमाणको स्थान लिन सक्दैन । सो घटना प्रतिवादीबाटै घटाएको भन्ने तथ्य प्रमाणबाट प्रमाणित हुनुपर्दछ । सँगै घरमा बसेका कसैले थाहा नपाउने गरी एकजना मान्छेले अर्को जनालाई सजिलैसँग मार्न सक्ने संभावना हुँदैन । प्रतिवादीउपर लगाइएको अभियोग दावी प्रत्यक्ष वा परोक्ष कुनै पनि प्रमाणबाट प्रमाणित हुन नआएको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल कात्तिक ८ रोज १ शुभम् ।

१९.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं.०६४-CI-१०४०, हिसाब यकीन, *सुरेन्द्रकुमार सरिया वि. नेशनल फाइनान्स कम्पनी लिमिटेड*

फाइनान्स कम्पनीले पटक-पटक ऋण बुझाउन आउनु भनी सूचना पठाउँदा समेत ऋण बुझाउने बारेमा कुनै वास्ता नै नगरेको हुनाले प्रचलित कानूनअनुसार लिलामसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी लिलामी सूचनाअनुसार कसैले सकार नगर्दा फाइनान्स कम्पनीले पुनरावेदकसँग लिनुपर्ने साँवा व्याजको हिसाब गरी आफ्ना नाममा जग्गा दा.खा. दर्ता गर्ने निर्णय गरेको र व्याज तथा पेनाल्टीबापतको रकम रु. २३,६९,५४०।२७ निजले तिर्नुपर्ने दायित्वमा समावेश नगरिएको भन्ने नेशनल फाइनान्स लिमिटेडको २०५९।१०।२९ को पत्रबाट देखिँदा प्रतिवादीले नियमित कारोबारको सिलसिलामा राखेको अभिलेखको आधारमा गरेको हरहिसाबबाट पुनरावेदकलाई मर्का पर्न गएको भन्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल कात्तिक ११ रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको दे.पु.नं. ०६४-CI-१०३९, दाखिल खारेज नामसारी निर्णय बदर, *सुरेन्द्रकुमार सरिया वि. नेशनल फाइनान्स कम्पनी लिमिटेड*

- २०६४ सालको दे.पु.नं.०६४-CI-१०४१, लिलाम मुचुल्का बदर, *सुरेन्द्रकुमार सरिया वि. नेशनल फाइनान्स कम्पनी लिमिटेड*

२०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको दे.पु.नं. ८१५३, जग्गा खिचोला अस्थायी दर्ता बदर दर्ता, *टीकाराम डाँगी वि. प्रल्हादराय अग्रवाल*

**मा.न्या. प्रेम शर्माको रायः**

वादीले निवेदन दर्ता गराउँदाको अवस्था भूमिप्रशासन कार्यालय झापा स्थापना भएको थियो थिएन, सो निवेदन दर्ता गरेको हो होइन भन्ने प्रश्न निजले यस अदालतमा दायर गरेको २०३७ सालको रिट नं. १४६३ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा यस अदालतबाट २०३८।५।८ मा एक पटक निराकरण भैसकेको विषय भएकोले एक पटक अदालतबाट सम्बन्धित कार्यालयको अस्तित्वलाई स्वीकार गरी सो कार्यालयको निर्णय बदर भएपश्चात् सो आदेशले स्वीकार गरेको कार्यालयको अस्तित्वको विषयमा शंका उपशंका उठाई निर्णयको औचित्यमाथि हाल आएर प्रश्न चिन्ह उठाउन र सो निर्णयलाई निष्प्रभावी, निस्तेज वा अस्तित्वविहीन सिद्ध गर्न यस इजलासको क्षेत्राधिकाभित्र पर्न नआउँने ।

चौकिल्ला भनेको असामान्य स्थितिमा वाहेक सदा स्थीर तत्व हो, जसले आ-आफ्नो हकभोग र स्वामित्व पहिचान गर्नलाई दिशानिर्देशन गर्ने दिशानिर्देशक यन्त्र (Compass) जस्तै भूमिका निर्वाह गरेको हुन्छ । सो निर्देशित तथ्यलाई हृदयंगम नगरी चौकिल्ला Movable (चल) हो भनी आफ्नो अनुकूलताअनुरूप व्याख्यान गर्न मिल्दैन । यस परिप्रेक्षमा निर्णायक विन्दुमा पुग्नुपर्दा वा मिमांशमा भन्नुपर्दा जग्गाको वास्तविकता यकीन गर्न स्रोतको लिखतमा उल्लिखित चौकिल्ला नै अकाट्य आधार हुने ।

**मा.न्या. प्रकाश वस्तीको रायः**

जग्गाको स्वामित्व निर्धारणको प्रमुख आधार त्यसको साविक दर्ता स्रेस्ता हो । यस निर्णायक आधारतर्फ अध्ययन केन्द्रित गर्दा वादीले आफ्नो फिरादमा यो समेत जग्गाको आफ्नो हकको स्रोतका रुपमा साविक रै.नं. ८२ कि.नं. १३ मा रहेको ज.वि. ३-१२-० र ज.वि. १-१-० तथा रै.नं. १९० मा रहेको ज.वि. २-०-० समेत जम्मा ज.वि. ६-१३-० को साविक पूर्जा देखाउँदै सो पेश गर्नुभएको छ । झापा जिल्ला अदालतले झापा मालपोत कार्यालयबाट दर्ता स्रेस्ता मगाउँदा रै.नं. ८२ को स्रेस्ता उतारमात्र प्राप्त हुन सकी ज.वि. २-०-० को स्रोत भनिएको अर्को रै.नं. १९० को स्रेस्ता नै नरहेको भनी प्राप्त जवाफ पनि न्यायिक विवेचनाको क्रममा विचारणीय छ । वादीले ज.वि. १३-३-१५ दर्ता गराई जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरिसकेको स्थिति छ भने अब सोही दर्ता स्रेस्ताका आधारमा थप ज.वि. १३-१०-० पाउनु पर्ने दावीसहित यो विवादको उठान भएको छ । ज.वि. ४-१४-० साविक स्रोत रहेको पुष्टि भएका वादीलाई ज.वि. २६-१३-१५ दिलाउने कार्य किमार्थ न्यायसंगत हुन नसक्ने ।

कि.नं. ०५१ दर्ता गराउने क्रममा तत्काल बहाल जग्गा नाप जाँच ऐन, २०१९ को दफा ८(१) अनुसार १२० दिनभित्र २०२४।८।५ मा द.नं. १०८ को निवेदन भूमिप्रशासन कार्यालय झापामा दर्ता भएको देखाइएको छ । तर झापालगायतका जिल्लामा भूमिप्रशासन ऐन २०२४।१०।८ मा मात्र लागू भएको कुरा नेपाल राजपत्र भाग ३, खण्ड १७, संख्या ४० को तत्कालीन श्री ५ को सरकार भूमिसुधार कृषि तथा खाद्य मन्त्रालयको सूचनामा जनाइएको छ । २०२४।१०।८ मा स्थापना भएको भूमिप्रशासन कार्यालयमा दुई महिनाअगाडि नै अर्थात् २०२४।८।५ मा निवेदन दर्ता हुने स्थिति नै पर्दैन । यही कारणले यस अदालतबाट सो निवेदनसहित मिसिल झिकाउन पटक-पटक भएका आदेशमा मिसिल प्राप्त नहुनु र सो प्राप्त नभएपछि सो निवेदन दर्ता भएको दर्ता किताब झिकाउने आदेश हुँदा सो पनि प्राप्त नहुनु स्वाभाविक छ ।

हुँदै नभएको कार्यालयमा पर्दै नपरेको निवेदनको जिकीर लिएको परिणामबाट वादी उन्मुक्त हुनु हुँदैन । न्यायरुपी स्वच्छ र स्निग्ध प्रवाहमा छल, कपट र दूषिततालाई प्रत्यक्ष वा परोक्ष कुनै स्थान हुन नहुने ।

प्रस्तुत मुद्दामा रायबाझी भएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेश गर्ने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको रिट नं. ००१४, बन्दीप्रत्यक्षीकरण, *रुद्रबहादुर बुढाथोकी वि. नेपाल सरकार गृह मन्त्रालय सिँहदरवार समेत*

हातहतियार खरखजाना मुद्दामा कानूनबमोजिम मुद्दा हेर्ने अधिकारी जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रमुख जिल्ला अधिकारीबाट मुद्दाको अनुसन्धान गर्ने प्रयोजनको लागि हिरासतमा राख्न अनुमति लिई कानूनबमोजिम थुनुवा पूर्जीसमेत दिई हिरासतमा राखिएको अवस्थालाई गैरकानूनी रुपमा थुनामा राखेको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल भदौ २८ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६० सालको दे.पु.नं. ९३३१, हक कायम समेत, *कालध्वज घिसिङ समेत वि. कुलमान घिसिङ समेत*

विवादित जग्गाहरू अंशियारबाहेकको व्यक्तिबाट प्राप्त गरेको नभै सगोलका अंशियारमध्येका हजुरबुबाबाट हालैको बकसपत्रमार्फत् नाति देवीलाल घिसिङले प्राप्त गरेको देखियो । जग्गा अंशियारमध्येका व्यक्तिका नाउँमा हस्तान्तरण भएको देखिई अरु तेस्रो पक्षीय व्यक्तिको नाउँमा उक्त सम्पत्ति गएको देखिँदैन । यसरी सगोलका अंशियारमध्येकै एउटा अंशियारका नाउँमा उक्त जग्गा बकसपत्रमार्फत् अर्को अंशियारको नाउँमा हस्तान्तरण हुँदैमा सो जग्गा वण्डा गर्नु नपर्ने जग्गा हो भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : मो. अख्तर अली

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** ०६१ सालको दे.पु.नं. ३२५९, आयकर, *आन्तरिक राजस्व कार्यालय विराटनगर वि. वहिदुन खातुन इराकी*

करदाता प्रत्यार्थीले नै रु. ३,३०,६७१।६० को स्थानीय विक्री गरेको हो भनी स्वीकार अङ्क कायम गरेको मिलेको देखिएन । राजश्व न्यायाधिकरणले उल्लिखित रु.३,३०,६७१।६० गरेको देखिएको अवस्थामा राजस्व न्यायाधीकरणले रू.४५७०।७८ मात्र स्थानीय विक्रीको स्थानीय विक्री भएको भन्ने कुरा अकाट्य रुपमा स्थापित भएकोमा त्यसलाई ग्रहण नगर्नु पर्ने र रु. ४,५७०।७८ पैसा मात्र स्थानीय विक्रीको अङ्क कायम गर्नुपर्ने कारण र आधार स्पष्ट रुपमा ठहर खण्डमा उल्लेख भएको नपाइएकोले रु. ४,५७०।७८ मात्र स्थानीय विक्रीको अङ्क कायम गरेको हदसम्म राजश्व न्यायाधिकरण विराटनगरको फैसला नमिलेकोले केही उल्टी भई आ.व. २०३७।३८ को लागि प्रत्यर्थी प्रा.लि.को रु.३,३०,६७१।६० स्थानीय विक्री कारोवार कायम गरी सोमा रु. ८२,६६७।९० खुद आय कायम हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल भदौ ८ रोज २ शुभम् ।

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको रिट नं. ०६३-WO-०८९५, उत्प्रेषण समेत, *गणेशभक्त गौतम समेत वि. स्वास्थ्य सेवा विभाग समेत*

प्रशासकीय अधिकार कानूनद्वारा सृजित अधिकार हो । कानूनबमोजिम बाहेक कुनै किसिमको अधिकारको सिर्जना हुन सक्तैन र यदि कुनै प्रशासनिक अधिकारीले कानूनले स्पष्ट रुपमा निजलाई प्रदान नगरेको अधिकार आफूमा अन्तरनिहीत छ भनी कुनै कार्य वा निर्णय गर्दछ भने त्यस्तो कार्य वा निर्णय प्रथमदृष्टिमा नै अधिकारविहीन र गैह्रकानूनी भई बदरभागी हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद अचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ भदौ ७ रोज १ शुभम् ।

यसै प्रकृतिको अन्य मुद्दामा पनि यसैअनुरूप निर्णय भएको छ :

- २०६३ सालको रिट नं. ०६३-WO-०९७६, उत्प्रेषण समेत, *सेतु शाही समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६३ सालको रिट नं. ०६३-WO-०९७१, उत्प्रेषण समेत, *नेबबहादुर के.सी. समेत वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६३ सालको रिट नं. ०६३-WO-०९२७, उत्प्रेषण समेत, *गणेशबहादुर थापा समेत वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६३ सालको रिट नं. ०६३-WO-०९११, उत्प्रेषण समेत, *गोपीलाल तिवारी वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६३ सालको रिट नं. ०६३-WO-०९०९, उत्प्रेषण समेत, *प्रेम बुढा समेत वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको रिट नं. WO-०१४४, उत्प्रेषण समेत, *जयराज ओझा वि. मानव संशाधन सूचना केन्द्र काठमाडौं समेत*

२०५७ सालमा हुनुपर्ने बढुवाको विषयबस्तुलाई लिएर विलम्ब गरी २०६४ सालमा मात्र निवेदकले प्रस्तुत रिट निवेदन दिएको देखियो । विलम्ब हुनुको कुनै तर्कसंगत कारणसमेत निवेदकले उल्लेख गर्न सकेको पाईदैन । अतः विपक्षी कर्मचारीहरूको चौथो तहबाट पाचौं तहमा भएको स्तरवृद्धि निर्विवाद रही निजहरूको हाल छैठौं तहमा बढुवासमेत भइसकेको अवस्थामा २०५७ सालमा उक्त पाचौं तहमा आफ्नो समेत स्तरवृद्धि हुनुपर्ने भनी निवेदकले ढिलो गरी २०६४ सालमा आएर गरेको दावीका सम्बन्धमा विचार गरिरहन नपर्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.न. ८८५७, जग्गा खिचोला घर उठाई चलन, *गोपीलाल चौधरी वि. सोनेलाल शर्मा समेत*

नक्सा कुण्डलीमा विवाद जनाइएका न.नं.२,६ र ८ मा कुनै घर रहे भएको देखिदैन । न.नं.१, ३, ७, ९ मा देखिएका घरहरू उक्त निषेधाज्ञा मुद्दा दायर भएपछि मिति २०४८।२।२५ देखि २०४८।२।३० गतेसम्ममा प्रतिवादीहरूले निर्माण गरेका हुन् भनी वादीले फिराद पत्रमा दावी गरेकोमा उक्त दावी पुग्ने नपुग्ने ठहर निर्णय गर्नुपर्ने मा सप्तरी जिल्ला अदालतमा स्वयंले नक्सा गर्ने भनी मिति २०४९।७।३० मा गरेको आदेश कार्यान्वयन नभई फैसला भएको देखिन्छ । यसका अतिरिक्त प्रमाणको निषेधाज्ञा मुद्दामा भएको नक्साको तथ्यलाई गलत रुपमा ग्रहण गरी विवादका सबै घरहरू प्रतिवादीहरूले शुरु फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
इति संवत् २०६६ साल भदौ ९ रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०६१ सालको दे.पु.नं. ८८५८, घर उठाई पाऊँ, *गोपीलाल चौधरी वि.सोनेलाल शर्मा सुतिहार समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा**, २०६२ सालको फौ.पु.नं. ३६१२, जबर्जस्ती करणी *नेपाल सरकार वि. खगेन्द्रप्रसाद गौतम*

अनुसन्धान अधिकारीको अनुसन्धानबाट संकलित यथार्थपरक र वस्तुनिष्ठ प्रमाणहरू नै कसूर ठहर गर्न मद्दत पुग्ने पहिलो खुट्किलो हो साथै जबर्जस्ती करणीको अपराधको औसत अनुसन्धानमा चश्मदीद व्यक्तिको अभाव हुने भए पनि अभियुक्तको अनुसन्धानको क्रममा भएको वयानको विश्वसनीयता पीडितको मौकामा व्यक्त गरेका अभिव्यक्ति वा वयान, पीडित र पीडक दुवैको शारीरिक परीक्षणबाट प्राप्त विशेषज्ञको रायबाट घटनासँग तादात्म्यता देखाउने आधारहरू साक्षी सर्जमिनका भनाइबाट घटनाको विश्वसनीयता पुष्टि हुने आधार छन् र पीडितको बहकाउरहित अभिव्यक्तिको वस्तुनिष्ठ आधारमा पुष्ट्याईपश्चात् मात्र कसूर प्रमाणित गर्नुपर्ने हुन्छ । कसूर प्रमाणित हुन पीडितको भनाई महत्त्वपूर्ण हुन्छ तर सो नै अकाट्य प्रमाण होइन । पीडितको मौकाको भनाई अन्य प्रमाणबाट शंकारहित रुपमै पुष्टि हुनुपर्ने ।

अनुमान र शंका वा भावनात्मक उक्साहटबाट अभिप्रेरित अभिव्यक्तिलाई उचित स्थान प्रदान गरी सोलाई एकमात्र आधार बनाई कसैलाई कसूरदार ठहऱ्याउन न्यायसंगत नहुने ।

प्रतिवादी खगेन्द्रप्रसाद गौतमले आफ्नो योनी र गुदामा जबर्जस्ती करणी गरेको भन्ने पीडित खकुमारीको मौकाको वयान तथा बकपत्र निजको शारीरिक परीक्षणबाट पुष्टि वा समर्थित हुन नआएकोले निज पीडितको कागज र भनाईलाई आधार लिई दिएको जाहेरीलाई मात्र प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीउपर कसूर स्थापित गर्न नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ९२२०, नामसारी बदर, *मल्हवादेवी यादव समेत वि. नथुनी यादव*

विवादित जग्गा मिति २०३३।८।२५ को राजीनामाबाट पुनरावेदिकाको पति टेमलालको नाउँमा आएको कुरा यस मुद्दाका वादीलाई प्रतिउत्तरमा यो कुरा उल्लेख भएबाट जानकारीमा आएको मान्नु पर्ने हुन्छ । यस अवस्थामा जानकारीमा आएको मूल लिखत बदरतर्फ वादीको दावी नै नरहेको सन्दर्भमा सो बदर नभएसम्म पछिका हकसफा मुद्दाबाट समेत दर्तावालाको हक स्वामित्व जाने वा समाप्त भै वादीमा जाने कुरा प्रतिपादित नजीरको समेतका आधारमा प्रतिकूल रहेको देखिन्छ । कि.नं. २२ को जग्गा दाताबाट बिक्री भै विभिन्न व्यक्तिहरूमा हस्तान्तरण हुँदै गएकोमा मिति २०४७।११।५ मा विवादित जग्गाहरू टेमलालको हक खाने पुनरावेदिकाको नाउँमा नामसारी बदरउपर मुख्य दावी लिई वादीले फिराद गरेको अवस्थामा नामसारी बदर मुद्दाभन्दा बाहिर गै जग्गाको राजीनामा बदर गर्ने गरी दावीको विषयभन्दा बाहिर गै भएको निर्णय त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६१ सालको दे.पु.नं. ८७१२, मिलापत्र बदर दर्ता बदर दर्ता कायम, *हीरावती देवी समेत वि. रामदेवराय यादव*

वादी दावीका कि.नं. १६१ र १६६ का जग्गाहरू नापीकै समयदेखि वादी रामदेव राउत अहिरकै नाममा दर्ता देखिन्छ । यी पुनरावेदक प्रतिवादीहरूबीच मिति २०५३।१।२० मा अंश मुद्दामा मिलापत्र हुँदा समेत उक्त जग्गाहरू यी वादी रामदेव राउत अहिरकै नाम दर्तामा रहेको तथ्य उल्लेख गरी राममंगल राय यादवका नाममा दर्ता हुने गरी मिलापत्र भएको कुरा मिलापत्रको लिखतबाट देखिन्छ । पुनरावेदक प्रतिवादीहरूबीच मिति २०५३।१।२० मा मिलापत्र भएको अंश मुद्दामा यी वादी पक्ष रहे भएको पाइँदैन । त्यस्तै विवादका उक्त जग्गाहरू समावेश गरी मिलापत्र गर्न यी वादीले सहमति मञ्जूरीको लिखत गरिदिएको भन्ने पनि देखिँदैन । अतः वादीको त्यस्तो कुनै मञ्जूरीसमेत नभएको अवस्थामा निजको नाम दर्ताका जग्गाहरू लिनेदिने गरी यी पुनरावेदक प्रतिवादीहरूका बीच भएको मिति २०५३।१।२० को मिलापत्रको उक्त लिखतले कानूनी मान्यता नपाउने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६१ सालको दे.पु.नं. ९११२, जग्गा घर खिचोला घर खाली हक कायम मिलापत्र बदर दर्ता बदर, *हीरावती देवी समेत वि. रामदेव राय यादव* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

८.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६१ सालको दे.पु.नं. ३४८७, मूल्य अभिवृद्धि कर, *आन्तरिक राजश्व कार्यालय बाँके वि. चन्द्रकुमार गोल्छा*

कर दाताउपर करको दायित्व निर्धारण गर्दा उसले गरेको उत्पादन र विक्रीको आधारमा निर्धारण गरिने हो । उद्योगले पेश गरेको आफ्नो उत्पादन र विक्री कारोवारको वार्षिक हिसाव किताबलाई आन्तरिक राजश्व कार्यालयले अन्यथा भन्न सकेको देखिँदैन । यसरी उद्योगले पेश गरेको उत्पादन र विक्री कारोवारको हिसाव कितावलाई आन्तरिक राजश्व कार्यालयले अन्यथा भन्न नसकेको अवस्थामा अमुक परिमाणमा वस्तु उत्पादन गर्ने “प्रचलन” रहेको भनी प्रत्यर्थी उद्योगले ३१२३२७ के.जी. मैदा र ६४५५० के.जी. सुजीको उत्पादन कम देखाई सोको विक्री नदेखाई कर छलेको ठहऱ्याएको आन्तरिक राजश्व कार्यालय नेपालगञ्जको निर्णय कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको फौ.पु.नं. ३१५५, लागू औषध सेतो हेरोइन, *नेपाल सरकार वि. सुरेन्द्र जैसवाल*

लागू औषध सेतो हेरोइन शर्मा भन्ने व्यक्तिलाई बेच्न आउँदा निज शर्मालाई भेट गर्न नपाउँदै सेतो हेरोइन जस्तो पाउडरसहित पक्राउमा परेको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयानलाई प्रतिवेदक प्र.ना.उ दिवसराज उदास र प्र.नि. राजन श्रेष्ठले सेतो हेरोइन विक्री गर्न हिडी रहेको अवस्थामा पक्राउ गरी दाखिल गरेको भनी शुरु अदालतमा उपस्थित भै वकपत्र गर्नुका साथै दशीको रुपमा बरामद सेतो हेरोइन लागू औषधहरू नभएको भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०४९।८।६ को परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्र समेतबाट देखिन आएको प्रमाणहरूबाट समर्थन गरिरहेकोले प्रतिवादी सुरेन्द्र जैसवाल उपरको कसूर प्रमाणित हुने ।

इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा**, २०६१ सालको फौ.पु.नं. ३३१८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. पवनकुमार यादव समेत*

बालबालिकासम्बन्धी ऐन, २०४८ ले नै कानूनबमोजिमको सजाय नगरी कतिपय अवस्थामा सजाय मिन्हा दिई न्यायकर्तामा व्यापक तजबिजी सजाय गर्ने प्रावधान रहेको देखिएकोले यस्ता नाबालकको अंश जबरजस्ती करणीको १० नं. बमोजिम भराई दिन उक्त बालबालिकासम्बन्धी ऐनको भावना र व्यवस्था प्रतिकूल हुने हुँदा त्यस्तो आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने १२ वर्षको नाबालकलाई कानूनबमोजिमको सजाय नहुने अवस्थामा कानूनबमोजिम आधा अंश भराई दिनु कानूनसम्मत नहुनुका साथै विवेकसम्मत र औचित्यपूर्ण पनि हुँदैन । अर्को तर्फ नाबालकले आफ्नो अंश दावी साबालक भएपश्चात् मात्र गर्न पाउने कानूनद्वारा सीमा निर्धारण गरिएको छ । जुन अंशमा उमेरको हदबाट नाबालकको हकाधिकार सिर्जना भएको नै हुँदैन, त्यस अवस्थामा उसको अंश सर्वस्व गरी आधी अंश पीडितालाई दिलाउनु पर्दछ भनी मान्नु तर्कसंगत नहुने ।

बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम छुट पाएको अवस्थामा निजबाट पीडितलाई कानूनबमोजिम आधा अंश भराई दिने फौ.पु.नं. ३१९५ को जबर्जस्ती करणी मुद्दामा यस अदालतबाट मिति २०६५।११।१३ मा फैसला हुँदा कायम भएको रुलिङ्गसँग यो इजलास सहमत हुन नसकेकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (ख) बमोजिम पूर्ण इजलास समक्ष पेश गर्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल असोज १९ रोज २ शुभम् ।

३.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम**, २०६३ सालको फौ.पु.नं. ०३२१, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. अमरबहादुर राई*

ज्यान मार्ने उद्योगको कसूर अपराध कायम हुनको लागि मनसाय तत्वको विद्यमानता रही सोही बमोजिम कार्य गरेको र सो कार्य गर्दा त्यहाँ तेस्रो पक्षको उपस्थिति रही सो कार्य गर्न रोकी काम सम्पन्न हुन नपाएको अवस्थामा भएमा मात्र उद्योग सम्मको कार्य गरेको हुनुपर्ने । तर प्रस्तुत मुद्दामा तेस्रो पक्षको उपस्थिति र प्रतिकार भई ज्यान मर्न नपाएको समेतको अवस्थाको अभाव रहेको समेत हुनाले ज्यान मार्ने उद्योगअन्तर्गतको कसूर अपराध नदेखिई कुटपीटको महलअन्तर्गतको कसूर अपराध गरेको देखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल असार ८ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६४ सालको फौ.पु.नं. ५७०, जिउ मास्ने बेच्ने, *नेपाल सरकार वि. श्याम तामाङ (थिङ)*

जाहेरवालाहरूलाई बिक्री गर्ने उद्देश्यले विदेश भारततर्फ लैजाने क्रममा विदेश लान नपाउँदै बाह्य अवरोधको कारण निज नेपालभित्रै पक्राउ परेको देखिएकोले विदेश लाने कार्य सम्पन्न हुन सकेको देखिँदैन । जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(ख) मा उल्लेख भएअनुसार मानिसलाई विदेश लैजाने कार्य गरिसकेको नहुँदा अर्थात् कानूनद्वारा निषेधित कार्यले सम्पन्नता प्राप्त गर्न सकेको नदेखिँदा सो ऐन बमोजिमको कसूर कायम हुन सक्ने अवस्था विद्यमान भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल असार ९ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६० सालको दे.पु.नं.

९०५९, मोही नामसारी, *रामहरि दुलाल वि. सावित्री दुलाल*

मुद्दाको कारवाहीको सिलसिलामा कुनै तथ्यलाई यस्तो हो भनी मुद्दाका पक्षले एकपटक स्वीकार गरेको अवस्था पछि चलेको अन्य कारवाहीमा सो कुरा यस्तो होइन भनी निजले भन्न नपाउने गरी निज विवन्धित हुने ।

जोत कमोद गरेको तथ्यलाई अड्डामा स्वीकार गरी कागज गरिदिएका र सो तथ्यलाई निज दर्तावाला मोहीका पत्नी तथा छोराहरूले समेत स्वीकार गरिदिएको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(४)(१) बमोजिम मोहियानी हक अन्त्य हुने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्य समेतमा दावीको कि.नं. ७९ को जग्गाको मोही हक भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम निज बद्रीप्रसादका भाई श्यामप्रसाद दुलालका नाममा नामसारी हुने ठहर्‍याएको शुरु सुधार कार्यालयको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०५९।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल असार २९ रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ९०५७, हक कायम दर्ता समेत, *कान्छी दुलाल वि. मोहनमान सिँह वानियाँ समेत*
- २०६० सालको दे.पु.नं. ९०५८, निर्णय बदर हक कायम, *कान्छी दुलाल वि. त्रिरत्नमान सिँह बानियाँ*

६.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८९५६, घर खाली गराई चलन चलाई घर बहाल समेत दिलाई पाऊँ, *भोमराज आचार्य वि. चन्द्रकिशोर दास*

विवादित कि.नं. ११० को ०-०-५ जग्गा मिति २०५४।१।१६ मा दिने रुपनारायणलाल कर्णको छोरा कपिलदेवलाल कर्ण र लिने यी वादी चन्द्रकिशोर दास भई र नं.८२०१ बाट रीतपूर्वक राजीनामा पारित गरी उक्त जग्गाको स्वामित्व यी वादीमा हस्तान्तरण भएको मिसिल संलग्न राजीनामाको प्रतिलिपिबाट देखिएको र सो अचल सम्पत्तिको हक हस्तान्तरण भएको कागजलाई यी पुनरावेदकले कानूनी रुपमा बदर गराउन मौकामा कारवाही चलाएको समेत नदेखिएको अवस्थामा यी वादी चन्द्रकिशोर दासको उक्त विवादित जग्गामा निर्विवाद स्वामित्व रहेको मान्नु पर्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल असोज २९ रोज ५ शुभम् ।

७.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८७५८, लेनदेन, *ताराकान्त यादव वि. निर्सुरान यादव*

लिखत भएको देखिएको ल्याप्चे सहिछापको ७ रेखा मिल्ने आधारमा परीक्षण गरिएको ल्याप्चे सहिछाप मिले भिडेको विशेषज्ञको राय रहेको र सो रायलाई जिरहले समेत खण्डन गर्न नसकेको प्रतिवादीको लेखात्मक सहि गर्दा हात काम्ने कुरा वारेसनामाको सहि अवलोकनबाट पुष्टि हुने लिखतका साक्षीहरूको कथनले समेत रकम लिए दिएको पुष्टि हुने लिखतमा भएको ल्याप्चे सहिछाप प्रतिवादीको होइन भन्न सकिने आधार विशेषज्ञको राय तथा लिखतको स्थिति र प्रकृतिबाट पुष्टि नहुने अवस्थामा लिखत बमोजिमको साँवा व्याज रकम भराई दिनुपर्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल असोज २९ रोज ५ शुभम् ।

८.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको फौ.पु.नं. ३५९४, सवारी अङ्गभङ्ग, *नेपाल सरकार वि. धनेश्वर यादव समेत*

प्रतिवादीलाई मिति २०५७।३।२२ को अभियोग दावी सुनाई निजले सुनवाईको मौकास्वरुप आफ्नो भनाई राख्न गरिएको अदालतको बयानमा अभियोग भनी सुनाइएको उक्त ऐनको दफा १६३(१)(ख) बमोजिम नेपाल सरकारले अभियोग दावी नै लिन सक्ने अवस्था नदेखिएको र सजाय गरिपाऊँ भनी मिति २०५७।८।२१ को पूरक अभियोग पत्रमार्फत लिइएको मागदावीमा प्रतिवादी धनेश्वर यादवले प्रतिवाद नै गर्न नपाएको अवस्थामा निजलाई पछिल्लो अभियोग दावीबाट सफाई दिई कसूरतर्फ वादी दावी पुग्न नसक्ने ।

औषधि खर्च, किरिया खर्च र क्षतिपूर्ति समेतका रकम पीडितलाई सम्बन्धित व्यक्तिबाट भराउने अधिकार कानूनले प्रमुख जिल्ला अधिकारीलाई दिएको देखिएको छ । यस्तो अवस्थामा सम्बन्धित पीडित पक्षलाई चालक वा गाडिधनी वा व्यवस्थापकबाट दावी गरी निवेदन गरेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले भराउन सक्ने अवस्था देखिन्छ । ऐनबमोजिम प्रमुख जिल्ला अधिकारीले भराई दिनुपर्ने भन्ने तोकिएको कर्तव्य र दायित्वका सम्बन्धमा निज प्रमुख जिल्ला अधिकारी समक्ष दावी नगरी अदालतबाट भराई दिनुपर्ने भन्ने पुनरावेदन जिकीरको कानूनी आधार नदेखिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

इति संवत् २०६६ साल असोज २९ रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ३५७८, अदालतको अपहेलना, *भवानीप्रसाद पराजुली वि. हुलास स्टील इण्डष्ट्रिज प्रा.लि.*

लिनु नपर्ने कर, दस्तूर, शुल्क नलिनु भनी पुनरावेदन अदालत बाट मिति २०६०।११।२८ मा आदेश भएपछि मिति २०६१।८।८ मा निवेदक उद्योगसँग रू.५२९०।- कर लिएको मिसिल संलग्न रसीदको फोटोकपीबाट स्पष्ट देखिएको तथा सो तथ्यलाई यी पुनरावेदकले अन्यथा भन्न नसकेकोले निजले निषेधाज्ञा मुद्दामा भएको फैसला प्रतिकूलको कार्य गरी सो फैसलाको अवज्ञा गरेको देखिँदा यस्तो कार्य अदालतको अपहेलनाजन्य कार्य मान्नुपर्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

इति संवत् २०६६ साल असोज २९ रोज ५ शुभम् ।

१०.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९५३५, जग्गा खिचोला घर उठाई चलन, *सूर्यनारायण यादव वि. देवीनारायण यादव*

विवादित जग्गामध्ये साविक कि.नं. २ र ८९९ को जग्गाबाहेक साविक कि.नं.९०० को जग्गा समेत नं. ६८७ मा समाहित रहेको देखिन्छ । उक्त कि.नं. ९०० र ८९७ का जग्गाहरू २०१३ सालमा नै विलोवन्दीबाट वादीका बाबुबाट प्रतिवादी सूर्यनारायणलाई अंशबापत प्राप्त भएको भन्ने तथ्य मालपोत कार्यालय सप्तरीको च.नं. ४०१९ मिति २०५९।९।२६ को पत्रबाट देखिन्छ । यसरी २०१३ सालमा नै अंशबापत वादीको बाबुबाट यी पुनरावेदक प्रतिवादीले प्राप्त गरेको अवस्थामा साविक कि.नं. ९०० र ८९७ को जग्गामा वादीको दावी सार्थक देखिँदैन । साविक कि.नं. २,८९९ र ९०० को जग्गाको वेग्ला बेग्लै क्षेत्रफल नदेखिई समष्टिगत रुपमा रहेको छ । उत्तर तर्फको नं.नं. ६ मा साविक कि.नं. ९०० को जग्गा रहेको भन्ने नक्सा विवरणबाट देखिएको अवस्थामा नं. नं. ६ को घरमा रहेको वादीको दावी कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : सुदीप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल भदौ ८ रोज २ शुभम् ।

**इजलास नं. ७**

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं.

३०७७, उत्प्रेषण, *शालिग्राम पौडेल वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौँ समेत*

निवेदकलाई नसिहतको सजाय दिने गरी निर्णय नै नभएको अवस्थामा पनि निजको पुनरावेदन सुनी विपक्षी सञ्चालक समिति नेपाल नागरिक उडड्यन प्राधिकरणबाट महानिर्देशकबाट भएको निर्णय सदर गरेको देखिन्छ । यसले विपक्षीहरूको काम कारवाहीमा हेलचक्राई भएको पुष्टि हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विभागीय कारवाहीको लागि लेखी पठाउने भनी भएको निर्णय महानिर्देशकबाट भएको निर्णय सोअनुसार लेखिएको जानकारीपत्र विपक्षी सञ्चालक समितिबाट भएको पुनरावेदन तहको निर्णय र जानकारीपत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम**, २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-०३६१, कर्तव्य जयान, *तुल्सीराम भट्टराई वि. नेपाल सरकार*

मृतकको मृत्युपश्चात् निजको सम्पत्ति खाने नजिकको हकवाला यिनै प्रतिवादी भएको भन्ने देखिँदा सम्पत्तिको लोभमा ज्यान मार्ने जस्तो गम्भीर अपराध गरे होलान् भनी अनुमान गर्न पनि सकिँदैन । फौजदारी अभियोग प्रमाणित हुनको लागि सो कार्य गर्ने मनसाय तयारी तथा मनसाय वा तयारीको परिणामस्वरुप आपराधिक कार्यसमेत भएको हुनु पर्दछ । त्यस्तो क्रिया शंकारहित तवरले पुष्टि हुनु पर्दछ । कर्तव्य ज्यान परेको भन्ने आधारले मात्र कुनै व्यक्तिलाई आरोपित गर्नु पर्याप्त आधार हुन सक्दैन । विवादास्पद, अस्पष्ट, विरोधाभासपूर्ण प्रमाणको आधारमा कसैलाई दोषी सिद्ध गर्ने हो भने न्यायको सट्टा अन्याय हुन जान्छ । प्रतिवादी नै संलग्न भई मृतकलाई कर्तव्य गरी मारेको भन्ने कुनै पनि प्रत्यक्ष वा परिस्थितिजन्य भरपर्दो प्रमाणको अभावमा केवल शंका र अनुमानको भरमा निजलाई कसूरदार मान्न नमिल्ने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल भदौ २४ गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको WO-०४८७, परमादेश, *सूर्यबदना पण्डित समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौँ समेत*

विद्यमान कानूनी व्यवस्थाबमोजिम पदपूर्तिको आधार, प्रक्रिया र कार्यविधि तय हुँदाहुँदै समावेशीतर्फ विज्ञापन नभएको अवस्थामा निवेदकहरूले जिकीरलाई जायज मान्न मिल्ने तर विवादित विज्ञापन मिति २०६४।६।३० मा प्रकाशित भै निजामती सेवा नियमावली, २०५० को सातौँ संशोधन २०६४।८।२० मा मात्र भएको देखिँदा सो विज्ञापन हुँदाका अवस्थामा नियमावली नै संशोधन भई नसकेको यथार्थतालाई निवेदकहरूले समेत अन्यथा भन्न मिल्ने देखिँदैन । यस्तो नियमावली नै संशोधन भई नसकेको अवस्थामा भएको विज्ञापनले निवेदकहरूको बढुवा भई पेशा रोजगार गर्न पाउने संवैधानिक अधिकार हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २४ रोज ४ शुभम् ।

- यसै प्रकृतिका २०६४ सालको रिट नं. ०४८६, उत्प्रेषण समेत, *लालबाबु कवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौँ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको दे.पु.नं. ०६५-CI-०३४४, अंश चलन, *टेकबहादुर थापा समेत वि. इन्दिरा अधिकारी*

वादीले नातातर्फ अ.वं.८० नं. बमोजिम गरेको वयान, नावालक मोहनविक्रम थापाको जन्म दर्ताको प्रमाणपत्रमा इन्दिरा थापाको लोग्नेको नाम T.B.Thapa उल्लेख हुनु पेश भएका फोटाबाट प्रतिवादी टेकबहादुर र वादीसँगै देखिनु निजकी आमासँग वादी इन्दिरा र नावालक बच्चा देखिनुका साथै माना चामल मुद्दामा भएको अन्तिम फैसलाबाट विपक्षी वादी इन्दिरा थापा टेकबहादुर थापाकी श्रीमती तथा नावालक मोहनविक्रम थापा निजको छोरा नाताको भन्ने तथ्य विवादरहित रुपमा प्रमाणित भएको अवस्थामा नाताका सम्बन्धमा थप प्रमाण बुझ्नुको कुनै औचित्य नरहने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल कात्तिक ४ रोज ४ शुभम् ।

**इजलास नं. ८**

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम**, २०५८ सालको दे.पु.नं. ७०८८, अंश दर्ता, *मनरुप राउत अहिर समेत वि. मन्तुरीया अहिरनी समेत,* २०५८ सालको दे.पु.नं. ७२५१, *कैलाश राउत अहिर वि. मनरुप राउत अहिर समेत,* २०५८ सालको दे.पु.नं. ७२५२, *मन्तुरिया अहिरनी वि.मनरुप राउत अहिर समेत*

यिनै वादी प्रतिवादी भई यिनै वादी प्रतिवादीहरूको बीचमा चलेको अंश मुद्दा मिति २०२७।९।२२ मा तत्कालीन नारायणी अञ्चल अदालतमा फैसला भएको र सो अंश मुद्दाको फैसला अन्तिम रुपमा कायम रहेको देखिन्छ । उक्त अंश मुद्दामा कायम भएको मितिलाई मानो छुट्टिएको मिति कायम गरी सोको अघिल्लो दिनसम्मको वण्डा गर्नुपर्ने चल अचल सम्पत्तिको तायदाती फाँटवारी माग गर्ने आदेश पुनरावेदन अदालत हेटौंडाबाट भएकोमा सो आदेशउपर यी वादी तथा प्रतिवादीहरूले अ.वं. १७ नं. बमोजिम उजूर नगरी चित्त बुझाई बसेको देखिन आउँछ । मिति २०२७।९।२२ मा अन्तिम फैसला भएको अंश मुद्दामा कायम भएको मानो छुट्टिएको मितिलाई नै प्रस्तुत मुद्दामा मानो छुट्टिएको मिति कायम गरी आदेश भएको र सो आदेश अन्तिम रुपमा रहेको अवस्थामा मानो छुट्टिएको मिति कायम गरेको पुनरावेदन अदालतको आदेशमा चित्त बुझेन भन्ने वादी तथा प्रतिवादीहरूको पुनरावेदन पुग्न नसक्ने ।

वादी प्रतिवादीहरू बीच मानोसम्म छुट्टिएको देखिएको अवस्थामा अंशियार नातामा मानिसहरू भएपछि निजहरूको बीचमा कानून बमोजिमको लिखत प्रमाण बेगर वादीहरूले अंश पाउँदैन भन्न कानून, न्याय, तर्क विवेक कुनै पनि दृष्टिकोणबाट नमिल्ने ।

इजलास अधिकृत : लालप्रसाद अर्याल

इति संवत् २०६६ साल कात्तिक १५ रोज १ शुभम् ।

२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६१ सालको दे.पु.नं. ९४८५, जग्गा खिचोला हक कायम चलन, *पदमबहादुर खड्का वि. पदमबहादुर कार्की*

जग्गामा प्रतिवादी पदमबहादुर कार्कीको कुनै सरोकार नरहेको विवादित वण्डापत्र लिखत पनि निज प्रतिवादीसँग सम्बन्धित रहेको नदेखिई सो लिखत वादी र वीरबहादुर दाजुभाइबीचको आपसी लिखत भई निजहरू बीच तत्सम्बन्धमा कुनै विवाद नदेखिएको साथै सोबाट यी प्रतिवादीको हकलाई कुनै असर पुगेको भन्ने अवस्था समेत नहुँदा त्यस्तो लिखतलाई कीर्ते वा जालसाजी भनी बोलिरहनु आवश्यक र उपयुक्त नदेखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल भदौ १६ रोज ३ शुभम् ।

**इजलास नं. ९**

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको स.फौ.पु.नं. ३३३६, भ्रष्टाचार, *अक्कलबहादुर के.सी. वि. नेपाल सरकार*

दुई सरकारी वा सार्वजनिक निकाय बीचको पत्राचारको परिणामको रुपमा प्राप्त जानकारी अन्यथा प्रमाणित नभएसम्म सत्य मान्नुपर्ने हुन्छ । जबकि त्यसमा लेखिएको व्यहोरा सत्य होइन भनी प्रमाणित गर्नुपर्ने कानूनी दायित्व प्रमाण ऐन, २०३१ को दफा २८ ले त्यसो भन्ने व्यक्तिमाथि रहेको पाइन्छ ।

प्रतिवादीले माध्यमिक शिक्षा परिषद् वाराणसीको आइ.ए. स्तरको प्रमाणपत्र पेश गरेको देखिएको र कृषि विकास बैंकमा प्रमोशनको लागि निवेदन साथ पेश गरेको समेत देखिएको छ । सो पश्चात् निजको बढुवा प्रयोजनको लागि पेश गरेको समेत देखिन आएबाट प्रमाणपत्रको आधारमा बढुवा भएको होइन भन्ने जिकीर खण्डित हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल असोज २३ रोज ६ शुभम् ।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको स.फौ.पु.नं.००३०, भ्रष्टाचार, *कुलबहादुर कार्की वि. नेपाल सरकार*

नक्कली प्रमाणपत्र पेश गर्नु आफैँमा कानून विपरीतको भ्रष्ट्राचारजन्य क्रिया हो । त्यसमा पनि प्रतिवादीले आफ्नो पदीय हैसियतमा बढुवा पाउने उद्देश्यले नै पेश गरेको भन्ने देखिन आएकोले प्रतिवादी कुलबहादुर कार्कीले आरोपित भ्रष्टाचारको कसूर गरेको प्रमाणित हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल असोज २३ रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको स.फौ.पु.नं. ०८२७, भ्रष्टाचार, *निरासरिक राई वि. नेपाल सरकार* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** अंश चलन, २०६५ सालको दे.पु.नं.०१०२, *विन्देश्वरीप्रसाद साह वि. संजयकुमार साह*

समानन्तर पुस्ताभित्रको अंशियारभित्रको बाहेक आफ्नो छोरा-छोरी तथा श्रीमतीसँगको अंशवण्डा प्रयोजनको लागि जुनसुकैतवरबाट आर्जन गरेको अचल सम्पत्ति निजको स्वआर्जनकै देखिए पनि पैतृक सम्पत्ति मानी वण्डा गर्नुपर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल मङ्सिर ३ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** अंश चलन, २०६४ सालको दे.पु.नं. ११४, *सदिक बैठा धोवी वि. आसीन बैठा धोवी*

पुनरावेदक सदिक बैठा धोवीले आफू २०३२ तिर र अन्य वादी प्रतिवादीहरू पनि २०३४ सालतिर छुट्टिभिन्न भै आ-आफ्ना खतिउपति गरी आएको भनी जिकीर लिएपनि सो कुरा आधिकारीक रुपमा पुष्टि हुनेसम्मको आधिकारीक कागज प्रमाण निज प्रतिवादीबाट पेश हुन नसकेको र अन्य प्रतिवादीहरूको कथनबाट वादी प्रतिवादीहरूसँग सगोलमै रहेको भन्ने कुरा प्रमाणित हुने हुँदा एकासगोलको अंशियार देखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल मङ्सिर ३ गते रोज ४ शुभम् ।

**५.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको फौ.पु.नं. ३४८२, आयकर, *दिनेश गोल्छा वि. आन्तरिक राजश्व कार्यालय विराटनगर*

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(ज) अनुसार उद्योगले पेश गरेको लेखा अमान्य गरेको अवस्थामा बाहेक सो थप ह्रास कट्टिको सुविधा प्राप्त गर्न वा प्रदान गर्न नियमित

कारोवारको सिलसिलामा करदाताले राखेको बिल भरपाई तथा लेखाबाट प्रमाणित हुने स्थिर जेथाको मूल्य नै पर्याप्त हुन्छ । यस्तो अवस्थामा उद्योग विभागको स्वीकृति आवश्यक नपर्ने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल साउन २० रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८९५७, बाटो कायम गरिपाऊँ, *रामबहादुर बस्नेत वि. कमला खनाल समेत*

प्रतिवादीले ५ फीटको बाटो भनेकोमा पनि उक्त बाटोको मुखमा ७ फीट चौडाई अध्यापि रहिरहेको र बाटोको विभिन्न स्थानमा ५ फी,५½ फीट, ६ फीट चानचुन चौडाई समेत देखिएको अवस्थामा बाटो ५ फीट चौडाईको मात्र रहेछ कि भन्ने आशंकाको अवस्था नदेखिनुको अतिरिक्त नगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) अनुसार परीक्षण गराउँदा बाटो मिचिएकै स्थिति देखाई रहेको हुँदा समेत प्रतिवादीले बाटोको चौडाईमध्ये केही मिची पर्खाल बनाएको स्पष्टै देखिन आयो । बाटोको प्रयोजनका लागि छोडेको जग्गामध्ये चौडाईको केही भाग मिची प्रतिवादीले पर्खाल बनाएको देखिँदा ७ फीट चौडाईको बाटो कायम हुने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल असोज २५ रोज १ शुभम् ।

७.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. १००५३, अंश नामसारी र सोबाट उठेको नाता कायम, *कवलमन केवट वि. मुन्नर केवट*

वादीको बसोवास मतदाता नामावली लगायतका कुनै नाता पुस्ता प्रमाणित हुने सरकारी अभिलेख स्रेस्तामा आफ्नो अस्तित्व वादीले देखाउन नसकेको अवस्थामा केवल भतिजा नाता पर्ने भनी दावी लिएकै भरमा राम दुलारेको नाति मुन्नरको भाई नाताको सुन्नरको छोरा नाताको व्यक्ति हुँ भन्ने वादी दावी प्रमाण ऐन, २०३१ को दफा २६ ले प्रमाणित भएको नदेखिने ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल मङ्सिर २ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. १००६५, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *गंगा थारु समेत वि. परमहंस तेली (गुप्ता)*

वादीले दावी लिएका विवादित कि.नं. १२८, १७७,१०३,१०८,२२ र ३ समेतका जग्गामा प्रतिवादी रामनारायण तेलीको बाबु ललई तेलीले भूमिसम्बन्धी नियमहरू, २०२१ बमोजिम २ नं. अनुसूची एवं ४ नं. अनुसार जोताहाको अस्थायी निस्सा समेत प्राप्त गरेको मिसिल संलग्न प्रतिलिपिबाट देखिँदा विवादित जग्गामा प्रतिवादीहरूको समेत भोग रहेको देखिन आउँछ । लुम्बिनी अञ्चल अदालतको मिति २०४२।३।३० गतेको अन्तिम फैसलाबमोजिम वादी परमहंस तेली (गुप्ता) का नाउँमा दर्ता भै जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरेको जग्गामा प्रतिवादीहरूले जोत भोग गरी खिचोला गरेको देखिने ।

इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६६ साल मङ्सिर २ गते रोज ३ शुभम् ।

९.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको स.फौ.पु.नं. ३२७९, काठ ओसार पसार, *नेपाल सरकार वि. ताराप्रसाद देवकोटा*

कुन कार्य कसूर हो त्यसको परिभाषा र निर्धारण विधायिकाले कानूनद्वारा गर्दछ । त्यसै गरी कसूर र अपराधका लागि सजाय र अपराधमा प्रयोग भएका वस्तु वा साधन जफत हुने वा नहुने सोको निर्धारण पनि विधायिकाले नै ऐनद्वारा

गर्दछ । त्यस्ता कानूनमा जे लेखिएको छ, सोहीबमोजिम अदालतले फौजदारी न्याय प्रदान गर्दा प्रचलित कानून लागू गर्दछ । ऐनमा नभएको सजाय गर्न पाइदैन भने ऐनले गर्नुपर्ने सजाय र कसूरमा प्रयोग भएको साधान जफत गर्नुपर्नेमा कानूनको गलत व्याख्या वा कानूनी प्रावधानप्रतिको उपेक्षाभावले जफत नगर्नु भनेको वन ऐन, २०४९ को दफा ६६ मा भएको जफतसम्बन्धी व्यवस्थाको प्रतिकूल हुन जाने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल असोज २६ गरोज २ शुभम् ।

**एकल इजलास**

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६६ सालको रिट नं. ०००९, उत्प्रेषणयुक्त परमादेश, *उमेश गिरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय काठमाडौँ समेत*

विद्युतीय मतदानबाट निवेदकको मौलिक हकमाथि आघात पुगेको भन्ने देखिन नआई नेपालको अन्तरिम संविधान, २०६३ को भाग ७ अनुसारको संविधानसभाको गठन भई निर्वाचित संविधानसभाको कार्यकालको दुई तिहाईभन्दा बढी अवधि व्यतीत भइसकेको अवस्था समेत हुँदा प्रचार र वौद्धिक अभ्यासका लागि निवेदन पर्न आएकोले प्रस्तुत निवेदन प्रयोजनहीन देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असोज २१ गते रोज शुभम् ।

२.

**मा.न्या.श्री प्रेम शर्मा**, २०६६ सालको रिट नं. ००४९, उत्प्रेषण समेत, *लक्ष्मी ताम्राकार समेत वि. गुठी संस्थान केन्द्रीय कार्यालयसमेत*

करारबमोजिम उपभोग गर्न पाउने भवनको उपभोग गर्न नदिँदा सो कार्यले निवेदकहरूको करारीय हकको हनन् हुन जाने देखिन्छ । कुनै पनि व्यक्तिको करारीय हक हनन् भएमा त्यसको उपचार करार ऐनबमोजिम नै खोज्नुपर्ने देखिन्छ । करारीय हक हनन् भयो भनेर संविधानको धारा १०७(२) को व्यवस्थालाई टेकेर यस अदालतमा प्रवेश गर्ने छुट हुन्छ भनी कुनै पनि अवस्थामा कानूनसंगत देखिन नआउने ।

अतः प्रस्तुत मुद्दामा सार्वजनिक हितविपरीत भयो भन्ने आभाषसम्म पनि निवेदकले औंल्याउन असमर्थ हुनु भएको हुँदा प्रथमतः नै सार्वजनिक सरोकारको विषय रहेछ भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल साउन १६ गते रोज ६ शुभम् ।

## सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूको सम्मेलन, २०६६ सम्पन्न

सर्वोच्च अदालतद्वारा आयोजित सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा १६ वटा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूको सम्मेलन (पुस २३-२४, काठमाडौं) सम्पन्न भएको छ ।

स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो, प्रभावकारी, जनताको सहज पहुँचयुक्त, जनआस्थामा आधारित, उत्तरदायी एवं गतिशील न्यायप्रणालीको स्थापनार्थ संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरूलाई अनुशरण गर्दै

स्वतन्त्र न्यायपालिकासम्बन्धी आधारभूत सिद्धान्तहरू तथा न्यायपालिकाले अंगिकार गरेका मूल्य मान्यताहरूप्रति प्रतिबद्ध रही विकास मैत्री, स्वच्छ एवं निष्पक्ष न्यायसम्पादन गर्ने अठोटका साथ यस सम्मेलनबाट देहायका १७ बुँदे प्रस्तावहरू पारित भएका छन्:

१. न्यायपालिका आफैंले आफ्ना लागि तर्जुमा गरेको न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनालाई पूर्ण रुपमा लागू गर्ने प्रण गर्दै त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

२. मुलुकमा विगत समयदेखि चलेको द्वन्द्वले जनताको न्यायमा पहुँच तथा जनआस्था अभिवृद्धिमा अबरोध सिर्जना हुन गएको तथ्यलाई हृदयङ्गम गर्दै द्वन्द्वको प्रभावलाई न्यूनीकरण गर्न द्वन्द्व व्यवस्थापन गरी शान्ति प्रक्रियालाई अग्रगति दिई सुरक्षासहितका आवश्यक कदमहरु चाल्न नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

३. रणनीतिक योजनाद्वारा निर्धारित लक्ष्य हासिल गर्न व्यवधान पैदा भएको विगतको अनुभवलाई दृष्टिगत गर्दै दक्ष जनशक्तिको अभाव, खाली दरवन्दीको आपूर्ति, साधन स्रोतको अपर्याप्तता, असुरक्षा र बन्द हडताल जस्ता समस्या पनि त्यत्तिकै वाधक रहेको महसूस गर्दै तिनको समाधानका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने ।

४. सेवाग्राहीलाई न्याय पाएको अनुभूति फैसला कार्यान्वयनबाटै हुने हुँदा शीघ्र, सुलभ र सरल ढंगले फैसला कार्यान्वयनका लागि कानूनमा सुधार, पर्याप्त जनशक्तिको व्यवस्था र जनशक्तिको क्षमता विकास तथा सम्बन्धित निकायहरूको सक्रिय सहयोग प्राप्त गर्न प्रयास गर्ने ।

५. विवाद समाधानको अत्यन्त प्रभावकारी उपायका रुपमा रहेको मेलमिलाप पद्धतिले अदालतमा वाञ्छित सफलता हासिल गर्न नसकेको सत्यतालाई आत्मसात् गरी अध्ययन अनुसन्धानद्वारा यसका कारण निक्यौल गरी समस्या निराकरण गर्दै यस पद्धतिको प्रयोगमा प्रभावकारिता ल्याउने ।

६. न्यायपालिकाको समग्र सुरक्षा व्यवस्थालाई विश्वसनीय, भरपर्दो र प्रभावकारी तुल्याउन आवश्यक सुरक्षा योजना बनाई सुरक्षा संवेदनशील जिल्लाहरूको लागि विशेष सुरक्षा योजना तत्काल लागू गर्न नेपाल सकारको ध्यानाकर्षण गर्ने र न्यायिक प्रहरी, न्यायाधीश आवास गृह तथा न्यायकर्मी सामूहिक आवास गृहको बन्दोवस्तका लागि प्रयास गर्ने ।

७. जनताको अझ बढी विश्वास आर्जन गर्नु न्यायपालिकाका लागि आजको प्रमुख चुनौती हो भन्ने तथ्यलाई स्वीकार गर्दै न्यायाधीश आचार संहिता, २०६५ को अक्षरसः परिपालना तथा त्यसको निरन्तर अनुगमन गर्ने कुरामा जोड दिने ।

८. सवै न्यायकर्मीहरूले सेवाग्राहीलाई "मुस्कानसहितको न्यायसेवा" को माध्यमले काम कारवाहीमा सहजता ल्याउने संस्कृतिको विकास गर्ने ।

९. शीघ्र, सुलभ र प्रभावकारी न्याय प्रदान गर्ने न्यायपालिकाको उद्देश्यलाई सार्थक तुल्याउन सूचना प्रविधिको प्रयोग र यसको सञ्जाल विस्तार अत्यावश्यक रहेको यथार्थलाई मनन् गर्दै यसका लागि आवश्यक पूर्वाधार, साधन, स्रोत र दक्ष जनशक्तिको व्यवस्थापन हुनुपर्ने ।

१०. देशको भौगोलिक विविधताको सन्दर्भमा न्यायाधीशहरूले इजलासमा बस्दा लगाउनु पर्ने पोशाकलाई कार्यमैत्री बनाउने तथा अन्य न्यायिक कर्मचारीहरूको छुट्टै पहिचान हुने खालको पोशाकको व्यवस्थाका लागि अध्ययन

हुन आवश्यक भएकोले सो सम्बन्धमा सर्वोच्च अदालतबाट अध्ययन गरी आवश्यक व्यवस्था मिलाउने ।

११. न्यायिक तथा अर्धन्यायिक निकायसमेतमा सुपरीवेक्षण तथा अनुगमनको कार्यलाई प्रभावकारी बनाउन आन्तरिक निरीक्षण र मातहत अदालतहरूको निरीक्षणलाई नियमित तुल्याई त्यसक्रममा देखिएका कमजोरीहरूलाई सच्याउँदै अघि बढ्नुपर्ने आवश्यकता महसूस गर्दै निरीक्षण तथा अनुगमन प्रतिवेदनलाई समेत न्यायिक काम कारवाहीको मूल्याङ्कनको आधार बनाउने पद्धति बसाल्न जोड दिने ।

१२. न्यायपालिकामा कार्यरत कर्मचारीहरुको सेवा, शर्त, सुविधा र पारिश्रमिकमा समसामयिक सुधारका लागि सर्वोच्च अदालतले आवश्यक पहल गर्ने ।

१३. न्यायसम्पादनमा कानून व्यवसायीको भूमिका महत्त्वपूर्ण रहने यथार्थलाई स्वीकार गर्दै बहस व्यवस्थापन, पुराना मुद्दा फछ्र्यौट र मुद्दा व्यवस्थापनसमेतका क्षेत्रमा वारसँगको सहकार्यलाई प्रभावकारी रुपमा अघि बढाउने ।

१४. न्यायपालिकाप्रतिको जनताको आस्था र विश्वास अभिवृद्धि गर्न हाम्रा काम कारवाहीमा पारदर्शीताको खाँचो रहेको र गलत सूचना प्रवाहबाट जनमानसमा न्यायपालिकाको छवि नकारात्मक बन्न जाने हुनाले सञ्चारकर्मीसँग निरन्तर रुपमा सम्पर्क र सम्वादको संयन्त्र बनाई सही सूचना सम्प्रेषणको वातावरण निर्माण गर्ने ।

१५. न्यायिक काम कारवाहीमा प्रयुक्त हुने भाषालाई व्याकरणसम्मत हुने गरी सरल र बोधगम्य बनाउने ।

१६. समस्त न्यायकर्मी नेपाली जनताको सेवामा समर्पित वर्ग हुँदा संविधान र कानूनको अनुशरण गर्दै न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन, मानव अधिकारको रक्षा र पूर्ण न्यायको मार्गमा हामी अविचलित छौं भन्ने सन्देश हाम्रा काम र व्यवहारले प्रदर्शित गर्न आवश्यक छ भन्ने कुरालाई यो सम्मेलन आत्मसात् गर्दछ ।

१७. नयाँ संविधान निर्माण हुने क्रममा रहेको परिप्रेक्ष्यमा नेपालले अन्तर्राष्ट्रिय महासन्धिहरुद्वारा स्वतन्त्र न्यायपालिका तथा मानव अधिकारको संरक्षणमा देखाएको प्रतिवद्धतालाई अक्षुण्ण राख्दै सोको संवैधानिक एवं कानूनी प्रत्याभूति हुनुपर्ने कुरामा यो सम्मेलन जोड दिन्छ ।